अन्तिम लेखापरीक्षण प्रतिवेदन

अजिरकोट गाउँपालिका,गोरखा

आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय नेपाल २०१६

पत्र संख्याः २०७८/७९
च.नं.: २०८

मितिः २०७८।०५।०४

श्री अध्यक्षज्यू,
अजिरकोट गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
गोरखा।

विषयः- <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० (२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ। प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो। लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश ... महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः २०७८/७९ च.नं.: ११७ मितिः२०७८।०५।०४

श्री अध्यक्षज्यू,
अजिरकोट गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
गोरखा।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले अजिरकोट गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय- व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।
२. लेखापरीक्षणबाट रु ५६ लाख ९३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु २७ लाख ७८ हजार र प्रमाण कागजात पेश गर्नुपर्ने रु २९ लाख १५ रहेको छ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरूका सम्बन्धमा मिति २०७७।१२।१३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरू हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २९ यसैसाथ संलग्न छ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

आर्थिक कारोवारको स्थिति

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ५ वडा, ३० सभा सदस्य, १९८-०५ वर्ग किलोमिटर क्षेत्रफल तथा १४८०२ जनसंख्या रहेको छ ।

आय व्ययको एकिकृत विवरण २०७६।७७

सि नं	आयतर्फ		सि नं	व्ययतर्फ	
	विवरण	जम्मा रकम		विवरण	जम्मा रकम
१	**गत वर्षको जिम्मेवारी**		१	**चालु खर्च**	१६८२४५१०३.४
	क) नगद		२	**पूँजीगत खर्च**	१०५१३९७६५.१
	ख) बैंक	९९७४३६९२.११	३	**विषयगत तर्फः**	
२	**राजस्व (आन्तरिक आय)**			सामाजिक सुरक्षा	७०८३८६००
	क) आन्तरिक राजस्व	३२१५७४२.१९		स्थानीय पुर्वाधार साझेदारी	६३७८९२४
	ख) राजस्व बाँडफाँड	४२३११९५२.८७		मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय	५०००००
	ग) अन्य आय	२७०४८९३.४		राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग	१०९६६४०
३	**वित्तीय हस्तान्तरण**		४	**वित्तीय व्यवस्था भुक्तानी**	
	क)वित्तीय समानीकरण अनुदान	१०५९०००००	५	**लगानी**	
	ख) सशर्त अनुदान	१३६४४००००	६	**धरौटी फिर्ता**	७२६३२४
	ग) समपूरक अनुदान			**कोष खर्च (प्रकोप व्यवस्थापन तथा अन्य कोष)**	४२८४७६१.८२
	घ) विशेष अनुदान			**प्रदेश लेखा नियन्त्रक कार्यालयको खातामा ट्रान्सफर**	१०६८९५
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		७	**मौज्दात**	
	क)वित्तीय समानीकरण अनुदान	१२१२००००		क) नगद मौज्दात	
	ख) सशर्त अनुदान	५००००००		ख) बैंक मौज्दात (संचित कोष खाता)	१३०४६४७७४.७
५	**अन्तर स्थानीय तहबाट प्राप्त**			ग) बैंक मौज्दात (राजश्व बाँडफाँड खाता)	
६	**वित्तीय व्यवस्था प्राप्ति**			घ) बैंक मौज्दात (धरौटी कोष खाता)	६८९५६५८.६७
७	**विभिन्न कोषतर्फको आय**			ङ) बैंक मौज्दात (प्रकोप व्यवस्थापन कोष)	९२८८५१.२
	विभाज्य कोष खाता	२२२२३९		च_ बैंक मौज्दात विभाज्य कोष	२९१६८३
	प्रकोप व्यवस्थापन तथा अन्य कोष	४२८४७६१.६२			
८	**विषयगत तर्फः**				
	सामाजिक सुरक्षा	७०८३८६००			
	स्थानीय पुर्वाधार साझेदारी	६३७८९२४			
	मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय	५०००००			
	राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग	१०९६६४०			
९	**जनसहभागिता (नगद भए)**				
१०	**धरौटी आय**	५१४१३३५.६७			
	जम्मा	**४९५८९७९८०.८६**		**जम्मा**	**४९५८९७९८०.८६**

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम

१ **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :

- स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम, संचित कोषवाट भएको खर्च तथा खर्च नभइ वाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म.ले.प.फा. नं. २७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।
- यस स्थानीय तहले NPSAS अनुरूपको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय प्रतिवेदन (म.ले.प.फा. नं. २७२) ले गत वर्षको जिम्मेवारी, यस वर्षको अन्तिम मौज्दात लगायतका देहायका विवरण फरक देखाएको हुँदा यसले आर्थिक विवरणको यथार्थ चित्रण गर्न नसकेको कारण यथार्थ एकिकृत आर्थिक विवरण माग गरी सोही विवरणलाइ आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ।

विवरण	श्रेष्ता अनुसार	मलेपफा नं २७२ अनुसार	फरक रकम
गत वर्षको जिम्मेवारी	९९७४३६९२.११	९८७२७३५३.११	१,०१६,३३९.००
संघ प्रदेश तथा अन्य कार्यक्रम	७८८१४१६४	०	७८,८१४,१६४.००
कोष तर्फको आय	४,५०७,०००.६२	५२१३६१३	-७०६,६१२.२०
राजस्व (राजस्व बाँडफाँट वाहेक)	५,९२०,६३५.५९	६३६६२४२.१९	-४४५,६०६.६०
मौज्दात	१३८५८०९६७.६	१४७९५८७४९.९२	-९,३७७,७८२.३५

- कार्यालयले पेश गरेको विवरण अनुसार यस वर्षको कुल आय (राजस्व बाँडफाँटको रकम वाहेक) रु ५९ लाख २१ हजार देखाएकोमा मलेपफा नं २७२ ले रु ६३ लाख ६६ हजार देखाइ कुल ४ लाख ४६ हजार फरक देखाएको छ। कार्यालयले पेश गरेको विवरण भन्दा शिर्षकगत रुपमा रु ४ लाख ४५ हजार वढी देखाएकोले श्रेष्ता अनुसार घटी देखिएकोले यस सम्वन्धमा कार्यालयले छानविन गरी यथार्थ विवरण पेश गर्नुपर्दछ।

२ **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।
- पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
	• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • पालिका मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट सामाग्री खरिद गरी सो वापत विल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्रीको अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस नगरेको पाइयो। • कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो।	

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
	• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू– जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • पालिकाले वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । • सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन । • निजामती सेवा ऐन, २०४९ को दफा ५ क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाइ एक भन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको, • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाइ व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको,	

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
	• सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण आदिको विवरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७.१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन,मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेको रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (घ) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना नगरेको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको, • आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, मासिक रुपमा र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेको, • विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको, • वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा	

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
	वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु= ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको, • स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको, • खर्च शिर्षक नं २८१४३ वाट पटक पटक सवारी साधन भाडामा लिइ सवारी साधनको भाडामा २८१४३ शिर्षकवाट रु ७ लाख ७० हजार खर्च गरेकोमा प्रयोजन नखुलाएको तथा केही सामान खरिद गर्न भनि पटक पटक गाडी भाडामा लिनु उचित नदेखिएको, • निजामती सेवा ऐन, २०४९ को दफा ७ (२) ख वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु. ६४ लाख ८१ हजार खर्च लेखेको पाईयो ।जसले गर्दा भुक्तानी हुनुपर्ने भन्दा वढी ग्रेड भुक्तानी हुने अवस्था रहेको, • कार्यालयमा २०७६ श्रावणमा करारमा ९ जना पदपुर्ति (स्वास्थ्य, आयुर्वेद, कृषि, पशुमा वाहेक) रहेको र स्थायी तर्फ ३ जना मात्र रहेकोमा लोकसेवा आयोगवाट नयाँ पदपुर्ति भइ असार सम्ममा २१ जना स्थायी कर्मचारी रहेकोमा समेत करारमा १२ कार्यरत जनशक्ति राखेको, • स्थानीय सरकार सन्चालन ऐन तथा अन्य कानून वमोजिक स्थानीय तहले घर तथा जग्गा वहाल कर मात्र संकलन गर्ने उल्लेख भएकोमा यस कार्यलयले सवारी साधनमा तथा ढुवानीमा कट्टी गरेको कर रकम समेत स्थानीय संचितकोषमा आम्दानी वाँधेको, • वडावाट विभिन्न वैठकहरु वसी भत्ता भुक्तानी गरेकोमा वडागत वैठकको निर्णय अध्ययन गर्दा अधिकांशमा वैठकको स्पष्ट कार्यविधि नभएको तथा केहीमा महत्वपुर्ण निर्णय नभएको तर वैठक भत्ता भुक्तानी गरेको, • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा स्थानीय तहले नक्सापास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराइ भवन निर्माण गर्न नहुने उल्लेख भएकोमा नक्सापास भएको विवरण माग गरेकोमा पेश नगरेको, • कार्यालयले मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण (म.ले.प.फा. नं. २७३) तयार गर्नुपर्नेमा सन्चालित कुनै पनि खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको, • करारमा कर्मचारीको विज्ञापन गरेकोमा पटक पटक सुचना प्रकाशन गर्दा ठुलो रकम खर्च भएकोमा एकैपटक वा न्युन तरिकाले सुचना प्रकाशन गर्ने तर्फ पहल नगरेको, • कार्यालयले पदाधिकारी कर्मचारील लगायतलाइ इन्धनको विलको रकम सोधभर्ना दिदा कर विजक नभइ साधारण विलका आधारमा भुक्तानी गरेकोमा कर विजक वेगर भुक्तानी गरेको, • कार्यालयले खरिद गरी प्रयोगमा ल्याएको व्याक हु लोडरमा रु ८ लाखको हाराहारीमा इन्धन प्रयोग भएकोमा सो खर्च कुन काम वनाउनमा प्रयोगमा आयो उल्लेख नगरेको तथा भएको कामको उपलव्धी देखिने गरी चेनेज सहितको नापी किताव तयार नगरेको कारण खर्चको वास्तविक उपलव्धी मापन गर्न नसकिएको, तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
३	**अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष समपुरक कोष लगायतका विभिन्न कोषको रुपमा अवण्डाको रुपमा रु ३ करोड ७ लाख राखी उक्त शिर्षकहरुवाट रु १ करोड ५७ लाख खर्च गरेको छ। बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।	

कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	विनियोजन	खर्च
गाउँपालिका क्षेत्रिभत्रका सार्वजनिक सम्पत्ति, सडक तथा अन्य पूर्वाधारहरु श्रमिकद्धारा नियमित मर्मत सभार कार्यक्रम - श्रममुलक आयोजना	३०००	१०२५
पुँजिगत मर्मत	२२००	१००८
पुँजीगत मर्मत	३०००	२९४७
विकास साझेदारी कार्यक्रम	५०००	२८९०
सर्वजनिक निर्माण	३५००	२९३२
समपुरक कोष	१४०००	४९१५
जम्माः	**३०७००**	**१५७१७**

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
४	**भवन तथा मन्दिर निर्माणः** पालिकाले आफ्नो क्षेत्राधिकार भित्र वजेट वनाइ खर्च गर्दा अधिकतम उत्पादकत्व दिने, आधारभुत शिक्षा तथा स्वास्थ्यको क्षेत्र तथा पुर्वाधार विकास मार्फत रोजगारी श्रृजना गर्ने क्षेत्रमा खर्च गरी तुलनात्मक लाभ लिन सक्नेगरी वजेट विनियोजन गर्नुपर्नेमा मन्दिर निर्माण, विभिन्न संघसंस्थाको भवन निर्माण जस्ता क्षेत्रमा ठुलो रकम खर्च गरी पुजीगत तर्फ भवन निर्माण शिर्षकमा ठुलो रकम खर्च गरेको छ। यस पालिकाले विद्यालय, पालिकाको आफ्नै भवन, स्वास्थ्यको लागि भवन तथा पुर्वाधार साझेदारी अन्तर्गत भवनमा विनियोजित रहेको रकम वाहेकको भवन निर्माण शिर्षकमा योजना छुट्याइ खर्च गरेको रकम देहायअनुसार रहेको छ। यस्तो खर्चमा नियन्त्रण गरी उत्पादन तथा उत्पादकत्व धेरै हुने क्षेत्रमा खर्च गर्नुपर्ने देखिन्छ।	

कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	विनियोजन	खर्च
अजिरकोट गोरखकाली मन्दिर निर्माण	५०००	१४९४
अजिरकोट मन्दिर निर्माणको लागि थप	१०००	०
झ्याबा भगवती मन्दिर निर्माण	४००	३८५
झ्याल्ला भुमे मन्दिर पुनर्निर्माण	१५००	९९२
ढोडेनी शिव मन्दिर निर्माण	४००	३८९
पाल्ले भूमे मन्दिर निर्माण ।	५००	४९८
भञ्याङ राधाकृष्ण मन्दिर निर्माण	५००	०
सांस्कृतिक संग्रहालय निर्माण	२०००	४९०
सिमजुङ कालिका मन्दिर निर्माण	५००	४९८
एकता महिला समुह भवन निर्माण	८००	७९९
कामधेनु सामुदायिक भवनको लागि शौचालय निर्माण	२००	१९९
जनचेतना महिला समुह भवन निर्माण	८००	७६६
पुतली देवीआमा समूह भवन निर्माण	८००	७९४
वाड नं. १ माथर कालिका मन्दिर निर्माण ।	५००	०

दफा	भौचर नं., मिति र ब्यहोरा			बेरुजू रकम
	अपुन थानी मन्दिर निर्माण	७००	६९६	
	ओलाङ देवीथान मन्दिर निर्माण	३००	२९७	
	खरिबोट सामुदायिक भवन निर्माण	८००	७९२	
	खिम्पु सामुदायिक भवन निर्माण	८००	७५५	
	थानी थान मन्दिर निर्माण ओलाङ	३००	२९९	
	भञ्याङ सामुदायिक भवनको शौचालय निर्माण	४००	३९८	
	भिरकुना गणेश मन्दिर निर्माण	३००	२९६	
	काफलडाँडाँ दलित टोल सामुदायिक भवन निर्माण	९००	८९८	
	दत्त चौतारा प्रतिक्षालय निर्माण	३००	३००	
	बतासे महिला समुह भवन निर्माण	६००	५९९	
	बुद्धसेवा महिला समूह शौचालय निर्माण	३००	२९९	
	हंसपु सरस्वती महिला समुह भवन निर्माण	३००	२६८	
	इनारपानी झ्यावा सामुदायिक भवन निर्माण	८००	७९९	
	गोगनपानी आमा समूह भवन सरक्षणका लागि रिटेनिङ वाल निर्माण	३००	२७१	
	झ्याल्ला भुमे मनेदिर निर्माण	१५००	०	
	डाँडाँगाउँ सामुदायिक भवन निर्माण	८००	७९३	
	नागरिक सचेतना केन्द्रमा शौचालय निर्माण	३००	२८९	
	बाझे सामुदायिक भवन निर्माण	८००	८००	
	महभिर सामुदायिक भवन	८००	७९६	
	इलुन देवी अामा समुह भवन निर्माण	५००	४९५	
	कुवापानी र वलाङ बीचमा एक सामुदायिक भवन निर्माण	६००	०	
	कुसुण्डे भजन कृतन आश्राम निर्माण	४००	३९१	
	जनजाती महिला भवन निर्माण माने गाउँ	५००	४९५	
	ढिस्का युवा क्लव भवन निर्माण	६००	५९२	
	दलित बस्ती सामुदायिक भवन निर्माण	५००	४८१	
	फाल्पु पृथ्वी महिला समुह अधुरो भवन थप निर्माण	६००	५९७	
	सुधार आमा समुह भवन निर्माण	५००	४९८	
		३०४००	२०४९८	
५	**सेवा प्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता ५००, मृत्यु दर्ता ९५ वटा, वसाइ सराइ ३०, नागरिकता शिफारिश ७३५, घरवाटो सिफारिश १२५ आदि सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले सम्वन्ध विच्छेद, बसाई सराई, पञ्जीकरण दर्ता तथा सिफारिश, पारिवारिक लगतको अभिलेख आदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन। ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ।			
६	**अनुगमन तथा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा			

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
	कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु. २५ लाख ७० हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ ।	
७	**योजना र कार्यान्वयन —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष भएका कामका योजनाहरु देहायअनुसार छन्ः	

क्र. सं.	ववरण	योजना संख्या	रकम
१	रु १ लाख भन्दा कमका योजना	२	२ लाख
२	रु एक लाख एक देखि पाँच लाख सम्मका योजना	५१	१ करोड ७८ लाख
३	रु ५ लाख एक देखि १० लाख सम्मका योजना	२५	२ करोड १३ लाख
४	दश लाख एक देखि ५० लाख सम्मका योजना	११	३ करोड १३ लाख
५	५० लाख भन्दा माथिका योजनाहरु	३	२ करोड ६० लाख
	जम्मा	९२	

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
८	**न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ३ रहेकोमा यो बर्ष २० मुद्दा दर्ता भएकोमा १८ वटा फछ्र्यौट भई ५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
९	**चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	

पूँजीगत वजेट	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)		
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेसोचौमासिक
१७११६३५९१	१०,५१,३९,७६५	७५,३४,७८२	१,३५,६०,५५२	८,४०,९३,६०८

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम

खर्च प्रतिशत	१००	७	१३	८०

१० **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	वजेटको तुलनामा खर्च प्रतिशत	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	२५२०३०००	८१८७१४०.८५	३२.४७	२.९९
सामाजिक विकास	१६९०२४०००	१२९३३३५७१.१	७६.५२	४७.३१
पूर्वाधार विकास	१४८२७१०००	८०६७८०३०.९४	५४.४१	२९.५१
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	३४६२३०००	१७८३०१३८.१४	५१.५	६.५२
कार्यालय सञ्चालन तथा प्रशासनिक	५५३६२०००	३७३५५९८७.४५	६७.४८	१३.६६
जम्मा	४३२४८३०००	२७३३८४८६८.४८	६३.२१	१००.

उल्लिखित विवरण अनुसार पुर्वाधार विकासमा कुल खर्चको २१।५१ % रहेको छ भने सामाजिक विकासमा ४७।३१% खर्च भएको देखिएको छ । पूँजीगत खर्चमा वृद्धि गरी लक्षित उद्धेश्य हासिल गर्नुपर्दछ ।

११ **कार्यक्रमगत प्रगतिः** तोकिएको लक्ष्य पुरा गरी शत लक्षित प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु छनोट गरी कार्यान्वयनमा लैजानुपर्दछ । पूजीगत कार्यक्रम तर्फ कम प्रगति भएका केही उदाहरण देहायअनुसार छन्: रु हजारमा

कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	विनियोजन	खर्च
अजिरकोट गोरखकाली मन्दिर निर्माण	५०००	१४९४
अजिरकोट मन्दिर निर्माणको लागि थप	१०००	०
भञ्याङ राधाकृष्ण मन्दिर निर्माण	५००	०
सांस्कृतिक संग्रहालय निर्माण	२०००	४९०
वाड नं. १ माथर कालिका मन्दिर निर्माण ।	५००	०
झ्याल्ला भुमे मनेदिर निर्माण	१५००	०
कुवापानी र वलाङ बीचमा एक सामुदायिक भवन निर्माण	६००	०

१२ **भुक्तानीमा कर कट्टी नगरेकोः** आयकर ऐन, २०५८ को दफा ८९ मा भुक्तानीमा १।५ प्रतिशतले कर कट्टी गर्नुपर्ने उल्लेख छ । कार्यालयले देहायअनुसार भुक्तानी गरेकोमा कर कट्टी नगरेकोले उक्त रकम असुल गर्नुपर्ने रु १७४९९

विवरण	भुक्तानी रकम	कर
भौ नं ४०,६७,८९,१२८,१६१ तथा १८३ वाट ऋषि आयल स्टोर्सलाइ भुक्तानी	६३८५८७	८४७७
भौ नं १२ वाट किरण श्रेष्ठलाइ भुक्तानी दिएकोमा मिना आयल स्टोर्सको विल	१२०६५०	१६०२
भौ नं २२ वाट किरण श्रेष्ठलाइ भुक्तानी दिएकोमा ऋषि आयल तथा मिना आयल स्टोर्सको विल	११४०००	१५१३
भौ नं ३४ वाट किरण श्रेष्ठलाइ भुक्तानी दिएकोमा ऋषि आयल स्टोर्सको विल	१११४५६	१४८०
भौ नं २४६ वाट राज तामाङको पेश्की फर्छयौट गरेकोमा रेनकोट पावरव्यांक जुत्ता, ल्यापटप व्याग आदि काठमाडौवाट खरिद	३३३५००	४४२७
	१३१८१९३	१७४९९

१३ **शिर्षक फरक पारी खर्चः** एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ मा खर्च शिर्षक उल्लेख गरेको र सोहीअनुसार खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले देहायअनुसार खर्च शिर्षक फरक पारी खर्च गरेको

दफा	भौचर नं., मिति र व्यहोरा	बेरुजू रकम
	कारण देहायअनुसार फरक परेको छ । शिर्षक फरक पारी खर्च गर्नु वित्तीय अनुसासनको उल्लंघन गरेकोले अनियमित देखिएकोमा उक्त व्यहोरालाइ गाउँसभाले नियमित गरी प्रतिक्रियासाथ प्रमाण पेश गरेको छ।शिर्षक फरक पारि खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।	

क स	खर्चको व्यहोरा	खर्च गर्नुपर्ने शिर्षकको नाम	खर्च गरेको शिर्षकको नाम	खर्च रकम
१	करार सेवामा कार्यरत ३ कर्मचारी (इन्जिनयर) लाइ कर्मचारी पारिश्रमिक शिर्षकवाट भुक्तानी	करार सेवा	पारीश्रमिक कर्मचारी	१३१००००
२	करारमा कार्यरत (कृषि ४ तथा पशुमा २) लाइ पारिश्रमिक शिर्षकवाट असार समेत केही महिनाको भुक्तानी	करार सेवा	पारीश्रमिक कर्मचारी	५०७१२०
३	सुचना प्रविधि अधिकृतलाइ तलव भुक्तानी	करार सेवा	पारीश्रमिक कर्मचारी	४६७८७०
४				२२८४९९०

दफा	भौचर नं., मिति र व्यहोरा	बेरुजू रकम
१४	**सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोभ्कै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोभ्कै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष चालु शिर्षकवाट वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार सोझै खरिद गरेको अनियमित देखिएकोमा उक्त व्यहोरालाइ गाउँसभाले नियमित गरी प्रतिक्रियासाथ प्रमाण पेश गरेको छ। ऐनमा भएको व्यवस्थाको विपरीत प्रतिस्पर्धा नगराई सोझै खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।	

भौ नं	विवरण	रकम
४२	वि थ्रि कम्प्युटर्स (ल्यापटप ५ थान)	५३५८९५
८४	नेपाल आयुरमेड (आयुर्वेदिक औषधी खरिद)	४९९०२८
१५०	आइ सि यु इन्टरप्राइजेज प्रा लि (आयुर्वेदिक औषधी)	४३९७६०
२४५	मेगा मेडी इम्पेक्स (आयुर्वेदिक औषधी)	३९९८२५
	पुँजिगत तर्फः	
६६।०७७।३।१२	आ डि सप्लायर्स (मेशिनरी सामान)	४९३०००
१६०।०७७।३।३०	एस आर मल्टिट्रेड (मेशिनरी सामान)	२८२५००
१६७।०७७।३।३१	रिलेशन ग्रुप प्रा लि (मेशिनरी सामान)	४९६००२
१६९।०७७।३।३१	त्रिपुरा फेन्सी एण्ड स्टेशनरी (प्ले स्टेशन)	४९००००
१७०।०७७।३।३१	कम्पीट स्कुल प्रा लि (प्ले स्टेशन)	४९४०००
जम्मा		४१३००१०

दफा	भौचर नं., मिति र व्यहोरा	बेरुजू रकम
१५	**जिल्ला दररेट भन्दा वढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार गठित जिल्ला दररेट निर्धारण समितिले तोकेको दररेट अनुसार सामान खरिद गर्नुपर्दछ। कार्यालयले भौ नं १७० वाट एकिकृत नमुना कृषि फर्मवाट रु ३ लाखका देहायका सामान खरिद गर्दा जिल्ला दररेट भन्दा वढी दरले खरिद गरी भुक्तानी गर्दा वढी भुक्तानी भएको छ भने ढुवानी समेत अन्य भौचरवाट भुक्तानी भएको छ। वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु	७९१००

<table>
<tr><th>दफा</th><th>भौचर नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>सामानको नाम</td><td>खरिदको संख्या</td><td>खरिदको दर</td><td>जिल्ला दररेटमा उल्लेखित दर</td><td>वढी भुक्तानी रकम</td></tr>
<tr><td>वडहर</td><td>१३००</td><td>३५</td><td>२२</td><td>१६९००</td></tr>
<tr><td>राइखन्यो</td><td>३२००</td><td>३५</td><td>३३</td><td>६४००</td></tr>
<tr><td>नियारो</td><td>१२००</td><td>३५</td><td>१६</td><td>२२८००</td></tr>
<tr><td>इपिल</td><td>२५००</td><td>१५</td><td>११</td><td>१००००</td></tr>
<tr><td>टाकी</td><td>१०००</td><td>३५</td><td>१२</td><td>२३०००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>७९१००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६</td><td>नीति तथा कार्यक्रम तथा वजेट वाचन भत्ताः गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को दफा १६ मा ऐनले तोकेभन्दा वढी भत्ता दिन नहुने उल्लेख छ।कार्यालयले पालिकाका अध्यक्षलाइ नीति तथा कार्यक्रम वाचन गरेवापत रु ३००००। तथा उपाध्यक्षलाइ वार्षिक वजेट वाचन गरेवापत रु ३००००। गरी कुल ६००००। भत्ता भुक्तानी भएको छ। उक्त रकम असुल गर्नुपर्ने रु</td><td>६००००</td></tr>
<tr><td>१७</td><td>सन्चार भत्ताः गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को अनुसुचिमा सन्चार भत्ता दिने उल्लेख गरेअनुसार कार्यालयले आर्थिक वर्षको अन्त्यमा एकमुष्ट रुपमा सन्चार भत्ता दिएकोमा भौ नं १९२ वाट समेत भुक्तानी दिएको छ । उक्त रकम देहायअनुसार भुक्तानी भएकोमा आर्थिक वर्षको अन्त्यमा पुनः दिएकोले उक्त रकम असुल गर्नुपर्ने रु
<table>
<tr><th>पद</th><th>भुक्तानी भएको सन्चार भत्ता (वार्षिक)</th></tr>
<tr><td>अध्यक्ष (मासीक रु १५००। ले)</td><td>१८०००</td></tr>
<tr><td>उपाध्यक्ष (मासीक रु १०००। ले)</td><td>१२०००</td></tr>
<tr><td>वडाध्यक्ष (मासीक रु ८००। ले ५ जनालाइ)</td><td>४८०००</td></tr>
<tr><td>जम्मा</td><td>७८०००</td></tr>
</table>
</td><td>७८०००</td></tr>
<tr><td>१८</td><td>शिलवन्दी दरभाउपत्रवाट लागत अनुमान वेगर सामान खरिदः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु २० लाख सम्म लागत अनुमान भएको सामान खरिद गर्दा शिलवन्दी दरभाउपत्रको माध्यमवाट सामान खरिद गर्नुपर्ने उल्लेख भएकोमा कार्यालयले चालु खर्चको डिजिटल लर्निङ कार्यक्रम तथा पुजीगत तर्फ मेशिनरी औजार शिर्षकवाट रु १९९४५००। को डेस्कटप तथा ल्यापटप खरिद गरि भौ नं २०१ (चालु) वाट रु ९ लाख तथा वाँकी पुजीगत तर्फको भौ नं १४० वाट भुक्तानी दिएको छ तर सामान खरिद गर्दा लागत अनुमान तयार नै नगरी खरिद गरेको छ। नियममा रु १ लाख भन्दा माथिको सामान खरिदमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख गरेकोमा कुल १९ लाख ९५ हजारको सामान खरिद गर्दा लागत अनुमान तयार नगर्नु उचित देखिएन। यस सम्बन्धमा छलफल गर्दा रु २० लाखको लागत अनुमान तयार गरेको भनेतापनि तुलनात्मक विवरण तथा मुल्यांकन समितिको निर्णयमा खुल्दैन। लागत अनुमानको तुलनामा घटी बढीमा पेश भएको दरभाउपत्रलाई तुलना गरी मुल्यांकन गर्ने गरी कागजात तयार गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>१९</td><td>वैदेशिक भ्रमणः गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यको सुविधा सम्वन्धी ऐन, २०७६ को अनुसूचीमा पदाधिकारीले विदेश भ्रमणमा जाँदा आयोजक संस्थाले होटल वासको प्रवन्ध गरेकोमा पाउने भत्ताको २५ प्रतिशत रकम मात्र उपलव्ध गराउने उल्लेख छ। कार्यालयले अध्यक्ष र उपाध्यक्षलाइ भारतको भुजमा भुकम्पपछिको पुनः निर्माणको अवलोकन गराउनको लागि भ्रमणमा लगेको देखिन्छ। उक्त भ्रमणको प्रायोजन</td><td></td></tr>
</table>

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
	नेपाल आवास पुनर्निर्माण परियोजना, गोरखाले गरेको र हवाइ टिकट खाना तथा आवासको प्रवन्ध गरिएको जानकारी गराएको छ। तर कार्यालयले देहायअनुसार भ्रमण भत्ताको २५ प्रतिशत भुक्तानी नदिइ सबै रकम भुक्तानी दिएको छ। अतः देहायअनुसार वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु	६२२८८

पदाधिकारीको नाम र विवरण	भुक्तानी दिएको रकम	भुक्तानी दिनुपर्ने रकम	वढी भुक्तानी
अध्यक्ष श्री फणिन्द्र प्र धिताल	४३१५०	१०७८८	३२३६३
उपाध्यक्ष श्री चन्द्रमाया गुरुङ	३९९००	९९७५	२९९२५
जम्माः	८३०५०	२०७६३	६२२८८

२० **वृत्तचित्र निर्माणः** कार्यालयले खर्च गर्दा आवस्कयता र औचित्यता सिद्द हुने गरी खर्च गर्नुपर्नेमा खासै उपलव्धी मापन गर्न नसकिने र श्रोतमा मात्र उपयोग विहिन तरीकाले खर्च हुने जस्ता काममा रकम खर्च भएको छ। देहायअनुसार वृत्तचित्र निर्माण भएकोमा पर्यटकिय गन्तव्य सम्वन्धी वृत्तचित्र केही मात्रामा आवश्यक पर्ने भएतापनि अन्य वृत्तचित्र तयार गर्नु उचित देखिएन। पालिकाले गाउँपालिकाका वृद्धाहरुको वारेमा समेत वृत्तचित्र निर्माण गरेको छ। यसरी खर्च गर्नुभन्दा वृद्धाहरुलाइ जाडोको लागि कम्वल वा केही अतिरिक्त सहयोग गरेको अवस्थामा खर्च प्रभावकारी हुने थियो। यस्तो प्रकृत्तिको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

भौ नं	भुक्तानी पाउनेको नाम	विवरण	भुक्तानी रकम
२०२	साइन मिडिया प्रालि	गाउँपालिकाका वृद्धाहरुको वारेमा वृत्तचित्र निर्माण	४९७२००
२०४	क्याराभान मिडिया प्रा लि	गाउँपालिकाको पर्यटकिय गन्तव्यसम्वन्धी वृत्तचित्र निर्माण	४९८३००
२४५	क्याराभान मिडिया प्रालि	गाउँपालिकाले गरेका कार्यको वृत्तचित्र निर्माण	४९८३३०

२१ **पेश्कीवाट धेरै कार्य गराएकोः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा प्रयोजन खुलाएर मात्र पेश्की दिनुपर्ने तथा नियम ७६ मा सामान खरिदमा सम्वन्धीत विक्रेतालाइ नै भुक्तानी दिनुपर्ने उल्लेख छ। कार्यालयले देहायअनुसार पेश्की वा सोधभर्नाको नाउमा सम्वन्धीत पार्टीलाइ भुक्तानी नगरी व्यक्तिलाइ भुक्तानी भएको देखिन्छ।

भौ नं	पेश्की लिनेको नाम	विवरण	भुक्तानी रकम
२४६	राज तामाङ	रेनकोट पावरव्यांक जुत्ता, ल्यापटप व्याग आदि काठमाडौवाट खरिद	३३३५००
१२	किरण श्रेष्ठ	मिना आयल स्टोर्सको विल (सोधभर्ना)	१२०६५०
२२	किरण श्रेष्ठ	ऋषि आयल तथा मिना आयल स्टोर्सको विल	११४०००
३४	किरण श्रेष्ठ	इन्धन खरिद गर्न ऋषि आयल स्टोर्सको विल	१११४५६

यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

२१.१ भौ नं २४६ वाट राज तामाङलाइ पेश्की दिइ रु ३३३५०० खर्च गरेको छ। खर्चमा रेनकोट पावरव्यांक जुत्ता, ल्यापटप व्याग आदि काठमाडौवाट खरिद गरेको छ। नियमावलीको नियम ७६ मा सामान खरिदमा सम्वन्धीत विक्रेतालाइ नै भुक्तानी दिनुपर्ने उल्लेख भएकोमा सो को पालना भएको देखिएन भने असारमा सामान खरिद गरेको देखिएकोमा कोरोना महामारीको समयमा अत्यावश्यक काम नभएको अवस्थामा समेत दैनिक भत्ता दिइ दिइ काठमाडौवाट सामान खरिद गरेकोमा पेश्की फर्छ्यौट गर्नु उचित देखिएन। साथै उक्त

<table>
<tr><th>दफा</th><th>भौचर नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>पेश्की फर्छ्यौट गर्दा व्यक्तिगत प्रयोजनमा वढी आउने सामान खरिद गरेको छ। यस भौचर वाट कार्यालय प्रयोजनमा नआउने रु ५७००० को १० थान पावरवैंक खरिद गरेको छ भने ३ थान जुत्ता (ट्रेकिङ जुत्ता समेत) रु ३०५१०। को खरिद गरेको छ। अन्य सामानहरुमा पेन ड्राइभ,झुल रेनकोट लगायतमा सामानहरु रहेका छन जुन पेश्की दिइ खरिद गर्नुपर्ने आवश्यकताका होइनन् । यस्तो प्रवृत्तिको खर्चमा नियन्त्रण गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>२२</td><td>शशर्त पूँजीगतः
उपभोक्ताको योगदान नरहेकोः साना तथा आधुनिक सिँचाइ कार्यक्रम संचालन कार्यविधि, २०७५ को परिच्छेद ३ को दफा ४ मा कम्तीमा १५% योगदान लाभग्राहीको हुनुपर्ने उल्लेख छ । कार्यालयले देहायअनुसार काम गरेकोमा लाभग्राहीको योगदान कम भएकोले कम भएको योगदान रकम असुल गर्नुपर्ने रु
<table>
<tr><th>फर्म तथा भुक्तानी पाउनेको नाम</th><th>कार्यसम्पन्न रकम</th><th>भुक्तानी दिनुपर्ने रकम</th><th>भुक्तानी भएको रकम</th><th>वढी भुक्तानी</th></tr>
<tr><td>पाङसिङ कुनाखर्क कालिमाटी सिचाइ उ स</td><td>१०४९८१</td><td>८९२३४</td><td>९४२०१</td><td>४९६७</td></tr>
<tr><td>ठाँटीखोला कुलो मर्मत उ स</td><td>१०१०५३</td><td>८५८९५</td><td>८७७०९</td><td>१८१४</td></tr>
<tr><td>ठुलोखेत कुलो मर्मत उ स</td><td>१०८७१५</td><td>९२४०८</td><td>९४७९६</td><td>२३८८</td></tr>
<tr><td>जम्मा</td><td>३१४७४९</td><td>२६७५३७</td><td>२७६७०६</td><td>९१६९</td></tr>
</table></td><td>९१६९</td></tr>
<tr><td>२३</td><td>सामान वितरण तथा जडान नभएकोः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्चलाइ पुष्ट्याइ गर्ने प्रमाण काजगात समेतको लेखा राख्नुपर्ने उल्लेख छ। कार्यालयले शशर्त कार्यक्रम अन्तर्गत देहायका सामान खरिद गरेकोमा वितरण गरेको छैन भने सोलार खरिद गरेकोमा समेत सो जडान भएको छैन। खरिद गरेका सामानहरु वितरण तथा जडान नगर्दा सोको उपयोगितामा ह्रास भइ सामानको उपादेयतामा कमी आउने हुन्छ ।साथै रु ९९७५१८। को एउटै स्पेशिफिकेशन र परिमाणको सोलार सामान दुइ फर्मवाट खरिद गरेकोमा सोझै खरिद गरेको समेत देखिएको छ। यसरी प्रतिस्पर्धा वेगर खरिद गरेको सामान अनियमित देखिएकोले उक्त खर्च नियमित समेत गराइ वितरण तथा जडान गर्न वाँकी उक्त सामान वितरण तथा जडान गरेको प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>फर्म तथा भुक्तानी पाउनेको नाम</th><th>भौ नं</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>गोरखा इनर्जि एण्ड इन्भार्नमेन्ट प्रालि</td><td>२५</td><td>४९४४६५</td><td>९९ थान आधुनिक चुल्हो खरिद गरेकोमा हालसम्म स्टोरमै रहेको</td></tr>
<tr><td>ए जि पावर सप्लायर्स</td><td>३४</td><td>४९८७५९</td><td rowspan="2">कुल रु ९९७५१८। को सामान सोझै खरिद गरेको साथै हालसम्म जडान नभएको</td></tr>
<tr><td>अन्नपुर्ण फेवा कन्सर्न प्रालि</td><td>३५</td><td>४९८७५९</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१४९१९८३</td><td></td></tr>
</table></td><td>१४९१९८३</td></tr>
<tr><td>२४</td><td>निर्माण औजार खरिदः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्चलाइ पुष्ट्याइ गर्ने प्रमाण कागजातका आधारमा खर्च गर्नुपर्ने उल्लेख छ। कार्यालयले निर्माण कार्यमा प्रयोग हुने ग्लोभ्स, वुट, ह्वेल व्यारो, हेल्मेट, छिनो, ह्यामर, सावेल, ज्याकेट आदि खरिद गरी पंजी सप्लायर्स प्रालिलाइ भौ नं ४५ वाट ४६२९५०। भुक्तानी गरेको छ। यस्ता प्रकृतिका काम संघीय सरकारको प्रधानमन्त्री रोजगार कार्यक्रममा समेत आउने र त्यहीवाट खर्च गर्ने परिप्रेक्षमा चालु शिर्षकवाट खर्च गर्नु उचित देखिएन।कार्यालयले निर्माणको काम अमानतवाट गराएको अवस्थामा मात्र यस्ता औजार प्रयोगमा आउने अवस्थामा अमानतवाट कार्य गराएको</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौचर नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>छैन भने उपभोक्ता समिति तथा निर्माण व्यवसायीवाट कार्य गराउदा दर विश्लेषणमा नै टुल्स भनि अतिरिक्त ३ प्रतिशत रकम जोडने गरी नर्म्स नै भएको अवस्थामा उक्त सामान खरिद गर्नु प्रयोजन विहिन अवस्था आउनु हो। यसरी प्रयोजन नखुलाइ खरिद गरेको कार्य अनियमित देखिएकोमा उक्त व्यहोरालाइ गाउँसभाले नियमित गरी प्रतिक्रियासाथ प्रमाण पेश गरेको छ। ऐनमा भएको व्यवस्थाको विपरीत प्रतिस्पर्धा नगराई खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>२५</td><td>नदीजन्य पदार्थको सुचनामा खर्चः सरकारी श्रोतको अत्युत्तम उपयोग हुने गरी खर्च गर्नुपर्दछ। नदीजन्य पदार्थको लागि माग र आपुर्तिको विश्लेषण गरी यथार्थपरक अनुमानकाको आधारमा खर्च गर्नुपर्नेमा उक्त अध्ययन वेगर सुचना प्रकाशन गरेको कारण कुनै पनि वोलपत्रदाता नआएको कारण वोलपत्रको आव्हान गर्दा खर्च भएको रकमको प्रभावकारीता शुन्य रहेको देखियो। कार्यालयले पहिलो पटक भौ नं २२ वाट सुचना प्रकाशन गर्न रु २३१२८८। खर्च गरेकोमा प्रतिस्पर्धामा नआएको कारण भौ नं २७ वाट पुनः वोलपत्र आह्वान गर्दा रु १३४४७०। खर्च भएको छ। सुचना प्रकाशनमा मात्र रु ३६५७५८। खर्च भएकोमा उक्त खर्च उपलव्धी विहिन हुन पुगेको छ। पर्याप्त अध्ययन विश्लेषण गरेर मात्र सुचना प्रकाशन गरी कार्य सुचारु गर्नुपर्ने देखियो।</td><td></td></tr>
<tr><td>२६</td><td>औषधी खरिद - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २० लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने तथा नियम ८४ मा ५ लाख भन्दा वढीको खरिद गर्दा शिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नुपर्ने उल्लेख छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः
<table>
<tr><th>भौ नं</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>११९</td><td>चिराग फार्मेशी</td><td>४९७५४५</td></tr>
<tr><td>१२०</td><td>चिराग फार्मेशी</td><td>२४९९२०</td></tr>
<tr><td>२०७</td><td>ध्रुवतारा मेडिलिंक प्रालि</td><td>८८७३४८</td></tr>
<tr><td></td><td>शशर्त तर्फः</td><td></td></tr>
<tr><td>९।०७७।३।१५</td><td>चिराग फार्मेसि</td><td>४९७९३२</td></tr>
<tr><td>२०।०७६।९।३</td><td>चिराग फार्मेसि</td><td>६४९५०१</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२७८२२४६</td></tr>
</table>

कार्यालयले चालु खर्च शिर्षकवाट मात्र देहायका औषधी सोझै खरिद गरेको छ। प्रतिस्पर्धा गराएको अवस्थामा औषधीमा अत्याधिक मात्रामा घटने हुदा मितव्ययीता हुने तर्फ कार्यालयले ध्यान दिएको पाइएन । यसै जिल्लाका अन्य स्थानीय तहहरुको अध्ययन गर्दा गण्डकी गाउँपालिकामा औषधी खरिदमा करीव ७० प्रतिशतसम्म घटेको अवस्थामा यस कार्यालयले सोझै खरिद गरेको देखिएको छ। सोझै खरिद गरेको रकम अनियमित देखिएकोमा उक्त व्यहोरालाइ गाउँसभाले नियमित गरी प्रतिक्रियासाथ प्रमाण पेश गरेको छ। ऐनमा भएको व्यवस्थाको विपरीत प्रतिस्पर्धा नगराई सोझै खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको कारण संझौतामा औषधीको म्याद पर्याप्त भए नभएको सम्वन्धमा काजगातमा नखुल्ने साथै औषधी खरिदमा प्राय १८ महिनाको म्याद हुनुपर्ने भनि उल्लेख हुनेमा यस कार्यालयले संझौता गर्दा म्याद उल्लेख नगरेको,
</td><td></td></tr>
</table>

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
	• आपूर्ति भएका औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको, • औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र अन्यत्रवाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, • पालिका द्धारा निशुल्क स्वास्थ्य कार्यक्रम भनि लोगो राखेको हुनुपर्ने उल्लेख गरेकोमा उक्त लोगो भएको छ भन्ने प्रमाण संलग्न नरहेको, • म्याद नाघ्न लागेका तथा म्याद नाँघी डिस्पोजल गर्नुपर्ने र गरेका औषधीको एकिकृत अभिलेख नराखेको, • पालिका मातहत हस्तान्तरण गरी पठाएका औषधीहरुको सदुपयोग सम्वन्धमा अनुगमन नभएको, तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
२७	स्थानीय पुर्वाधार साझेदारी कार्यक्रमः **अलैची संकलन केन्द्र निर्माणः** सार्वजनिक खरिद निमयावली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा कुनै सार्वजनिक निकायले सोहि प्रकृतिको सामान खरिद गरेको भए सोही अनुसार तथा प्रचलित वजारभाउ अनुसार लागत अनुमान तयार गर्नुपर्ने उल्लेख गरेको छ। कार्यालयले अलैची संकलन केन्द्र तथा भट्टी निर्माणको लागि उपभोक्ता समिति गठन गरी कार्य गराइ रु ४६२५९०७। भुक्तानी दिएको छ। कुल काम रु ५१४१५०८। को भएकोमा केही काम सिभिल वर्क्स, शौचालय निर्माण आदिमा खर्च भएको देखिन्छ भने रु १९३५९९७। को काम २२ थान लार्ज सेटको मोर्डन इम्प्रुभ्ड ड्रायर खरिद गरेको देखिन्छ। उक्त सामान श्री सिंहवाहिनी इन्जिनयरीङ वर्क्स एण्ड इनर्जी प्रालिवाट खरिद गरेकोमा लागत अनुमान तयार गर्दा समेत सोही फर्मवाट दररेट माग गरेको छ भने प्रचलित वजारभाउको विश्लेषण गरेको छैन। लागत अनुमानलाइ यथार्थपरक वनाउन कार्यालयको ध्यान जानुपर्दछ।	
२८	**आन्तरीक आय सम्वन्धमा देखिएका अन्य व्हयोरा देहायअनुसार छन् :** • **वैंक नगदी किताबः**कार्यालयले मुल संचित कोषको वैंक नगदी किताव तयार गरेको छैन । जसले गर्दा आन्तरीक आय, विषयगत निकाय तथा अन्य श्रोतवाट प्राप्त आम्दानीको सहि लेखांकन भए नभएको सुनिश्चित गर्न सकिएन । प्राप्ती तथा खर्चको विवरण अद्यावधिक गर्नुपर्दछ । • **मनोरञ्जन करः**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०७६।७७ मा पालिकाले यस शीर्षकमा कर संकलन गरेको देखिएन। पालिकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर पहिचान तथा एकिन गरी असुल गर्नुपर्दछ। • **जडीवुटी कवाडी र जीवजन्तु करः** ऐनको दफा ६१ मा जडीवुटी कवाडी र जीवजन्तु कर लगाउने व्यवस्था भएकोमा सो को पहिचान गरेको छैन । • **सुचना प्रकाशनः**पालिकाले आ.व.२०७६|७७ नदिजन्य पदार्थ ढुङ्गा गिट्टी वालुवाको ठेक्का लगाउन ७ वटा घाटको सुचना प्रकाशन गरी सुचना खर्च वापत रु २३३,५३० लेखेको छ। सुचना प्रकाशन गरिएका ठेक्काहरु मध्ये ३ वटाको मात्र ठेक्का लागेको छ। यसरी ठेक्का लाग्ने सम्भाव्यतालाई अध्ययन नगरी एकमुष्ट	

<table>
<tr><th>दफा</th><th>भौचर नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>रुपमा सुचना प्रकाशन गरी खर्च लेख्दा अतिरिक्त व्ययभार सृजना हुन जान्छ।ठेक्का नलाग्नुका कारणहरु अध्ययन गरी आगामी दिनमा सुधार गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>२९</td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ ।पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट मुच्चोकटार आ वि तथा महादेव स्थान आ विका २ शिक्षकलाइ दरवन्दी पर्याप्त नभएको भनि रु ४४६५००। निकासा गरेको छ भने भौ नं २१७ वाट समेत दुइ विद्यालयलाइ रु ६६०५६०। भुक्तानी गरेको छ । आवश्यक भए दरवन्दी स्वीकृत गर्ने तर्फ पहल गर्नुपर्नेमा दरवन्दीभित्र नपरेका शिक्षकहरुको लागि तलव भत्ता दिने गरी अनुदान दिने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>३०</td><td>मुल्य अभिवृद्धि कर कट्टी नगरेकोः मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (ग) बमोजिम सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आशिंक स्वामित्व भएको संघसंस्थाले ठेक्का वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा आपूर्ति वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ५० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ।नगरपालिकाले यस आ.व.मा देहायको भुक्तानीमा ५० प्रतिशत राजस्व शिर्षकमा दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिएकोले उक्त रकम असुल हुनुपर्ने देखिएको रु
<table>
<tr><th>गो भौ नं,मिति</th><th>फमको नाम</th><th>विवरण</th><th>कुल भुक्तानी</th><th>मु अ कर</th><th>५० प्रतिशत मु अ कर</th></tr>
<tr><td>७।०७६।८।२६</td><td>अमित इन्टरप्राइजेज</td><td>फर्निचर खरिद</td><td>४९४३७५</td><td>५६८७५</td><td>२८४३८</td></tr>
<tr><td>७।०७६।८।२६</td><td>पवित्रा फर्निचर सप्लार्स</td><td>फर्निचर खरिद</td><td>४९२११५</td><td>५६६१५</td><td>२८३०८</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>५६७४५</td></tr>
</table></td><td>५६७४५</td></tr>
<tr><td>३१</td><td>पुर्वनिर्धारित क्षतिपुर्तिः निर्माण व्यवसायी सँग भएको खरिद सम्झौता तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा सेवा प्रदायक वा निर्माण व्यवसीको ढीलाइको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमा ०.०५ प्रतिशत का दरले पुर्वनिर्धारित क्षतिपुर्ति दिनुपर्ने व्यवस्था छ। पालिका र निर्माण व्यवसायी वीच खरिद सम्झौता भै सम्पन्न देखाएका तपसिलका निर्माण कार्यको सम्पन्न गर्नुपर्ने अवधि (म्याद थप समेत) भन्दा ढीलो गरी निर्माण सम्पन्न देखाएकोमा समेत पालिकाले निर्माण कार्यको पुन म्याद थप नगरेको र निर्माण सेवालाई पुर्वनिर्धारित क्षतिपुर्ति नलगाई अन्तिम विलको भुक्तानी दिएको देखियो। अत खरिद सम्झौता तथा उपरोक्त सार्वजनिक खरिद नियमावलीको नियम १२१ बमोजिम सम्पन्न गर्नु पर्ने अवधि भन्दा विलम्ब गरी सम्पन्न देखाएकोमा पुर्व निर्धारित क्षतिपुर्त असुल गर्नु पर्नु रु
<table>
<tr><th>गो भौ नं/ मिति</th><th>योजनाको नाम</th><th>नर्माण सेवा</th><th>कवोल अंक</th><th>सम्पन्न गर्नु पर्नु अवधि</th><th>सम्पन्न अवधि</th><th>विलम्ब दिन</th><th>पुर्वनिर्धारित क्षतिपुर्ति रकम</th></tr>
<tr><td>१४७।०७७।३।२९</td><td>चनौटे ढिस्का मुच्चोक भच्चेक सडक विस्तार कार्य</td><td>गोरखा कालिका कन्सट्रक्सन नेपाल</td><td>८४०१९४०</td><td>२०७६।११।३०</td><td>२०७७।३।२९ (म्याद थप समेत)</td><td>१२२ दिन</td><td>५१२५१८</td></tr>
<tr><td>१७४।०७७।३।३१</td><td>अधेरी खोला देखि वडा कार्यालय सम्मको सडक स्तरोन्ति कार्य</td><td>बाबा कन्सट्रक्सन</td><td>२७६१७३४</td><td>२०७७।२।२६</td><td>२०७७।३।३०</td><td>३६ दिन</td><td>४९७११</td></tr>
</table></td><td>५६२२२९</td></tr>
</table>

दफा	भौचर नं., मिति र व्यहोरा	बेरुजू रकम
	जम्मा ५६२२२९	
३२	**विभिन्न निर्माण कार्यमा बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विजको भुक्तानी गर्दा करारको शर्त बमोजिम प्राविधिक जापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। यस पालिकाबाट खरिद सम्झौता भै निर्माण कार्य भएका र निर्माण सम्पन्न भएका योजनाका उपभोक्ता समिति निर्माण सेवा र फर्महरु लाई रनिङ्ग विल तथा अन्तिम विलको भुक्तानी गर्दा केही आइटम हरुको दररेट फरक पारी भुक्तानी दिएको मेशिनको दर राखी भुक्तानी गर्नुपर्नेमा मान्छेबाट कार्य गराएको देखाई खर्च लेखेको वास्तविक कार्य सम्पादन भएको भन्दा बढी हुने गरी भुक्तानी दिएको जस्ता अवस्थाहरु देखिन आयो। सम्झौतको शर्त ,दर विश्लेषणको आधार प्राविधिक मुल्यांकन तथा नापी किताब मा उल्लेखित परिमाण भन्दा बढी हुने गरी भुक्तानी दिएको व्यहोरा यस प्रकार छनः	
३२.१	२।०७६।६।१४ भञ्जायाङ्ग पधेरो पहिरो नियन्त्रण कार्यको कुल कामको मुल्यांकन रु ७३५१३८। मध्ये पालिकाले उपभोक्ता समितिलाई रु ६६५०००।भुक्तानी दिएको छ। उक्त मुल्यांकन भएको कामको स्रेस्ता परिक्षण गर्दा तपसिल बमोजिमको मेस साइजको ५९ थान ग्याविन जालिमा घ.मी ढुङ्गा भर्ने कार्यको लागि ग्याविन तथा ढुङ्गा तथा ज्यामीको स्थानीय दर तथा स्वीकृत नर्म्स अनुसार तय भएको दर विश्लेषण को दर भन्दा बढी दर राखी खर्च लेखेको पाइयो। अत दर विश्लेषणको दर भन्दा बढी दर राखी खर्च लेखेको मध्ये उपभोक्ताको श्रमदाको अंश ९.५४ प्रतिशत घटाई खर्च लेख्दा समेत बढी भुक्तानी भएको सम्बन्धित उपभोक्ता समिति बाट असुल हुनु पर्ने रु	७९७५४

कामको विवरण	ग्याविन जालीको साइज	गजयावि जालीको संख्या	लिइएको दर	दर विश्लेषण अनुसारको दर	फरक दर	उपभोक्ता समितिको योगदान	बढी भुक्तानी रकम
ग्याविन जालीमा ढुङ्गा भर्ने काम	३*१*१	१५	१३३७०.२०	११०६६६५	२३०३.५५	९.५४	३१२५७
ग्याविन जालीमा ढुङ्गा भर्ने काम	१.५*१*१	२०	६७२५.९७	५५३३३३	११९२.६५	९.५४	२१५७७
ग्याविन जालीमा ढुङ्गा भर्ने काम	२*१*१	२४	९०४०.१९	७८००२५	१२३९.९४	९.५४	२६९३०
जम्मा							७९७५४

दफा	भौचर नं., मिति र व्यहोरा	बेरुजू रकम
३२.२	३।०७६।८।१९ चनौटे ढिस्का मुच्चोक सडक विस्तारकार्यको निर्माण सेवा गोरखा कालिका कन्सट्रक्सन नेपाल लाई चेनेज न ० देखि ५+०१० सम्म सडक खन्ने कार्य वापत प्रथम विलको रु १७०७७००। भुक्तानी गरेको Earth work calculation sheet, नापी किताब र रनिङ्ग विल परिक्षण गर्दा रोड कटिङ्ग गरेको calculation sheet मा नरम माटो ४७८३.८१ घ.मी, नरम चट्टान ८५.३६ घ.मी, मध्यम चट्टान ७२४.६४ घ.मी, र कडा चट्टान ६३ घ.मी को कार्य भएको देखिएकोमा रनिङ्ग विलबाट नरम माटो ४७८३.८१ घ.मी, चरम चट्टान ८५.३६ घ.मी , मध्यम चट्टान ९३२.२४ घ.मी र कडा चट्टान ६३ घ.मी को खर्च लेखेको पाइयो। calculation sheet अनुसार मध्यम चट्टान खन्ने कार्य ७२४.६४ घ.मी मात्र भएकोमा नापी किताब तथा रनिङ्ग विलबाट ९३२.२४ घ.मी खर्च लेख्दा नभएको मध्यम चट्टान फोर्ने २०७.६ घ.मी को प्रति घ.मी रु १००। का दरले मु.अ.कर समेत रु २२१०९ बढी भुक्तानी भएको छ। वास्तविक कार्य सम्पादन भएको भन्दा बढी भुक्तानी भएको उक्त रकम असुल हुनु पर्ने रु	२२१०९
३२.३	१५।०७६।१०।२३ चनौटे ढिस्का मुच्चोक भच्चेक सडक विस्तार कार्यको निर्माण सेवा गोरखा कालिका कन्सट्रकसन नेपाल लाई दोस्रो रनिङ्ग विलको रकम भुक्तानी गर्दा विल अफ क्वान्टिटीको आइटम न ३.४ को हयुम पाइप कल्भर्टमा ढुङ्गाको पर्खाल लगाउने कार्यको कुल परिमाण ८४.३७ घ.मी मा हयुम पाइपको	

<table>
<tr><th>दफा</th><th>भौचर नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>भाग ३.३८ घ.मी घटाई खुद पर्खालको भागको नापी किताब बमोजिम ८०.९९ घ.मी को मात्र खर्च लेख्नु पर्नेमा हयुम पाइप को भाग नघटाई कुल परिमाण ८४.३७ घ.मी को प्रति घ.मी रु ७०००। ले खर्च लेखेको पाइयो। ढुङ्गाको पर्खालको नापी गर्दा हयुम पाइपको भाग ३.३८ घ.मी नघटाई खर्च लेख्दा मु.अ.कर सहित रु २५१९८।बढी निर्माण सेवालाई भुक्तानी भएकोले असुल हुनु पर्ने देखिएको रु</td><td>२५१९८</td></tr>
<tr><td>३२.४</td><td>१२।०७६।१०।१६ सिमजोङ घ्याचोक ग्रामिण सडक सरसफाई कार्यको मुल्यांकन रु १४९०७४३। भएको मध्ये उपभोक्ता समिति लाई रु १३४२७११। भुक्तानी भएको छ। उक्त कामको मुल्यांकनको स्रेस्ता परिक्षण गर्दा नरम माटो काटने कार्य १८६८४ घ.मी र मध्यम चट्टान फोर्ने कार्य ६६ घ.मी देखाएता पनी सडकको कुन स्थान र चेनेज मा कार्य भएको हो सो खुल्ने Earth work calculation sheet वेगर नापी किताबमा एकमुष्ठ परिमाण मात्र लेखि खर्च गरेकोले सडक कट्टिङ्ग गरेको भोलम एकीन गर्न सकिएन। उक्त सडक खन्ने कार्यको नरम माटो र मध्यम चट्टान फोर्ने मेशिन प्रयोग भएको देखिएकोले दर विश्लेषण गरी हेर्दा नरम माटो काट्ने कार्यको प्रति घ.मी ६४.८६ र मध्यम चट्टान प्रति घ.मी २२२.१९ लाग्नेमा फरक दर राखि खर्च लेखेकोले उपभोक्ता समितिको अंश ९.९३ प्रतिशत घटाई गणाना गर्दा तपसिल बमोजिम रु २३७९९६। बढी भुक्तानी भएको छ। अत दर विश्लेषण बाट तय भएको दर भन्दा बढी दर राखी भुक्तानी भएको रकम असुल हुनु पर्ने रु
<table>
<tr><th>कामको विवरण</th><th>परिमाण</th><th>लिएको दर</th><th>दर विश्लेषणको दर</th><th>फरक दर</th><th>उ.स.को अंश</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td>नरम माटो काट्ने कार्य</td><td>१८६८४ घ.मी</td><td>७८.१३</td><td>६४.८६</td><td>२३.२७</td><td>९.९३</td><td>२२३३१७।</td></tr>
<tr><td>मध्यम चट्टान फोर्ने कार्य</td><td>६६ घ.मी</td><td>४६९.१२</td><td>२२२.१९</td><td>२४६.९३</td><td>९.९२</td><td>१४६७९।</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>२३७९९६।</td></tr>
</table></td><td>२३७९९६</td></tr>
<tr><td>३२.५</td><td>१३।०७६।१०।१७ अजिरकोट गाउँपालिका वडा नं ५ को सडक सरसफाई कार्यको मुल्यांकन रु ४३१५२०। भएको मध्ये पालिकाले उपभोक्ता समिति लाई रु ३८७९२९। भुक्तानी दिएको छ। उक्त कार्यको लागि मेशिन प्रयोग गरी नरम माटो काट्ने कार्य ५५२३.१० घ.मी देखाएकोमा के कुन स्थान र चेनेजमा उक्त नरम माटो काट्ने कार्य भयो। Earth work calculation sheet तयार नगरी एकमुष्ठ घनमीटर मात्र नापी किताबमा चढाएको वास्तविक नरम माटो काट्ने कार्यको परिमाण एकीन गर्न सकिएन। मेशिन प्रयोग गरी नरम माटो काट्ने कार्यको स्थानीय दर र स्वीकृत नर्म्स बाट तय भएको प्रति घ.मी दर रु ६४.८६ रहेकोमा पालिकाले रु ७८.१३ का दरले खर्च लेखेको पाइयो। दर विश्लेषण बाट तय भएको दर भन्दा प्रति घ.मी रु १३.२६ बढी दर राखी ५५२३.१० घ.मी को खर्च लेखेको मध्ये उ.स.को अंश १०.१० प्रतिशत घटाई बढी भुक्तानी भएको रु ६५८३९। असुल हुनु पर्ने रु</td><td>६५८३९</td></tr>
<tr><td>३२.६</td><td>३१।०७७।२।२० फाल्फु दरवोट हुदै थानी थान जाने सडक निर्माण कार्यको रु ७८४१७३। मुल्यांकन मध्ये उपभोक्ता समिति लाई रु ७०५३८४। भुक्तानी भएको छ। उक्त सडक निर्माण कार्यको लागि मेशिन प्रयोग गरी नरम माटो १००७.६६ घ.मी,कडा माटो ९५५.६५घ.मी, नरम चट्टान ४५५.४४ घ.मी, मध्यम चट्टान ३८१.७५ घ.मी र कडा चट्टान ५७९ घ.मी कट्टिङ्ग भएको Earth work calculation sheet बाट देखिन्छ। मेशिन प्रयोग गरी सडक खन्ने कार्यको दर विश्लेषण गर्दा ब्रेकर लगाई कडा चट्टान काट्ने कार्य प्रति घ.मी रु ८६२.०८ र ब्रेकर नलगाई बकेट द्वारा कडा चट्टान फोर्ने कार्य प्रति घ.मी रु ४०७.९३ घ.मी हुन आउने देखिन्छ। यस सडक निर्माण कार्यमा कडा चट्टान फोर्ने एक्साभेटरको बकेट प्रयोग भएको देखिएले बकेट द्वारा कडा चट्टान फोर्ने कार्यको लागि प्रति घ.मी रु ४०७.९३ का दरले खर्च लेख्नु पर्नेमा ब्रेकर को दर राखि खर्च लेख्दा प्रति घ.मी रु ४५४.१५ फरक पर्ने गई ५७९ घ.मी कडा चट्टान फोर्ने कार्यमा उपभोक्ता</td><td></td></tr>
</table>

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
	समिति लाई रु २६२९५२। बढी भुक्तानी भएको छ। दर विश्लेषण बाट तय भएको दर भन्दा बढि दर राखि भुक्तानी भएको उक्त रकम असुल हुनु पर्ने रु	२६२९५३
३२.७	बालुवा फर्बुजेटार पोखराटार सडक स्तरोन्नति कार्यको लागि भौ नं ५१।०७७।३।५ बाट रु १०५६१९४। मुल्यांकन भएको मध्ये उपभोक्ता समितिलाई रु ८५८२१४। भुक्तानी भएको छ। उक्त सडक स्तरोन्नति कार्यको लागि मेशिन प्रयोग भरी सडक खन्ने कार्यको Earth work calculation sheet परिक्षण गर्दा नरम माटो ६३९७।०५ घ.मी, कडा माटो २८०१.२४ घ.मी, नरम चट्टान २९५.७४ घ.मी र मध्यम चट्टान ३८३.६७ घ.मी को मात्र कार्य भएकोमा नापी किताब र रनिङ्ग विलबाट मध्यम चट्टान खन्ने कार्य ४९१.६७ घ.मी र कडा चट्टान खन्ने कार्य नै नभएकोमा २१८.०४ घ.मी को खर्च लेखेको पाइयो। अत सडक खन्ने कार्यको लागि नभएका कडा चट्टान खन्ने २१८.०४ घ.मी र मध्यम चट्टान फोर्ने कार्य भन्दा १०८ घ.मी बढी को खर्च तपसिलका दरमा लेख्दा रु ११३४०३। बढी भुक्तानी भएको छ। वास्तविक कार्य सम्पादन भए भन्दा बढी खर्च लेखी उपभोक्ता समिति लाई भुक्तानी भएको उक्त रकम असुल हुनु पर्ने रु	११३४०३

कामको विवरण	रनिङ्ग विलबाट खर्च लेखेको परिमाण	क्यालकुलेशन सिट अनुसारको परिमाण	बढी परिमाण	दर	बढी भुक्तानी रकम
मध्यम चट्टान खन्ने कार्य	४९१.६७ घ.मी	३८३.६७ घ.मी	१०८ घ.मी	२१८.६३	२३६१२
कडा चट्टान खन्ने कार्य	२१८.०४ घ.मी	-	२१८.०४ घ.मी	४११.८१	८९७९१
जम्मा					११३४०३

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
३२.८	७८।०७७।३।१७ सैतुल सिंचाई कुलो मर्मत कार्यको कामको मुल्यांकन रु १३७७६३। भएको मध्ये पालिकाले उपभोक्ता समिति लाई रु १२३११६। भुक्तानी दिएको छ। निर्माण कार्यको स्रेस्ता परिक्षण गर्दा विल अफ क्वान्टिटीको आइटम नं १ को १:६ को स्टोन मेशिनरी पर्खालको लागि दर विश्लेषण बाट तय भएको दर प्रति घ.मी रु १०४६८.६९ रहेकोमा प्रति घ.मी रु ११४५६।१२ दर राखि भुक्तानी गरेको कारण ७.४९ घ.मी कार्यको रु ७३९६। बढी भुक्तानी भएको छ। दर विश्लेषण बाट तय भएको दर भन्दा बढी दर राखी बढी खर्च लेखेको उक्त रकम असुल हुनुपर्ने	७३९६
३२.९	झ्याल, ढोका मा प्रयोग हुन् चौकोर काठको दर विश्लेषण परिक्षण गर्दा स्थानीय लोकल काठको प्रति क्युविक मिटर रु ९४५३०।२२ र सालको काठको प्रति क्युविक मीटर रु २३३८०२।१२ हुने उल्लेख गरेको पाललिकाले स्वीकृत गरेको दर विश्लेषण पुस्तिका उल्लेख छ। पालिकाले उपभोक्ता समिति मार्फत निर्माण कार्य गराएका सामुदायिक भवनको खर्च रकमको श्रेस्ता रनिङ्ग विल नापी किताब परिक्षण गर्दा तपिसलका सामुदायिक भवनका झ्याल,ढोका स्थानीय लाकल काठको चौकर र फ्रेम प्रयोग भएको विल अफ क्वान्टिटीमा देखिएकोमा पालिकाले सालको काठ बाट बनेको चौकोर र फ्रेमको दर राखि भुक्तानी गर्दा तपसिल बमोजिम रु ६९५३५। बढी भुक्तानी भएको छ।फरक आइटमको दर राखी बढी भुक्तानी भएको उक्त रकम असुल हुनु पर्ने रु	६९६३५

गो भौ नां/ मिति	निर्माण कार्य	झ्याल ढोकमा प्रयोग भएको लोकल काठको परिमाण	दिइएको दर	स्वीकृत दर	फरक दर	बढी भुक्तानी रकम
११०।०७७।३।२५	कुसुण्डे भजन किर्तन आश्रम भवन निर्माण अनुपुर्ण मन्दिर	०.०९ क्युविक मिटर	२३३८०२।१२	९४५३०।२२	१३९२७१।९	१२५३४
११५।०७७।३।२६	अन्नपुर्ण मन्दिर निर्माण	०.१६ क्युविक मिट	२३३८०२।१२	९४५३०।२२	१३९२७१।९	२३६७६
१२२।०७७।३।२८	काफल डाँडा दलित सामुदायिक भवन निर्माण	०.१७ क्युविक मिट	२३३८०२।१२	९४५३०।२२	१३९२७१।९	२३६७६
१३१।०७७।३।२८	झ्यावाँ भगवती मन्दिर निर्माण	०.०७ क्युविक मिट	२३३८०२।१२	९४५३०।२२	१३९२७१।९	९७४९
जम्मा						६९६३५।

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
३२.१०	भञ्जयाङ्ग साँधि खोला नयाँ ट्र्याक निर्माण कार्यको कामको मुल्यांकन रु २६४१८२। भएको मध्ये पालिकाले उपभोक्ता समितिलाई रु २३७४३६। भुक्तानी दिएको छ। नयाँ ट्याक निर्माण कार्यको लागि मेशिन प्रयोग गरीएको Earth work calculation sheet परिक्षण गर्दा नरम माटो काट्ने कार्य २७७०।७७ घ.मी र मध्यम चट्टान काट्ने कार्य २१३।९३ घ.मी भएको देखिएकोले मध्यम चट्टान काट्ने कार्यको दर विश्लेषण अनुसारको प्रति घ.मी दर २२२.१९ का दरले खर्च लेख्न् पर्नेमा प्रति घ.मी ४१८.०३ को दरले खर्च लेख्दा २१३.९३ घ.मी मध्यम चट्टान काट्ने कार्यको प्रति घ.मी रु १९५.८४ ले रु ४१८९६। बढी भुक्तानी भएको छ। दर विश्लेषण बट तय भएको दर भन्दा बढी दर राखी खर्च लेखेको उक्त रकम असुल हुनु पर्ने रु	४१८९६
३३	**पुँजिगत बजेट बाट निजी स्रोतमा नियुक्त भएको विद्यालयको तलब भत्ता भुक्तानीः** एकीकृत आर्थिक संकेत तथा बर्गिकरण र व्याख्या, २०७४ मा पुँजीगत शिर्षकमा विनियोजन बजेटबाट चालु खर्च गर्न नपाउने व्यवस्था छ भने वित्तिय समानीकरण पुँजिगतमा विनियोजित बजेट स्थानीय विकास निर्माण कार्यमा मात्र विनियोजन गरी खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यस बर्ष यस पुँजीगत शिर्षकमा विनियोजित बजेट मध्ये जिवन ज्योति मा वि अजिरकोट मा निजी विषय पढाउने शिक्षक/ शिक्षिकाको १३ महिनाको रु ३६६०००। खर्च लेखेको छ। वित्तय समानीकरण पुँजीगतमा विनियोजित बजेट बाट निजी स्रोतका शिक्षक को तलब भत्ता खर्च लेख्न मिल्दैन। खर्चको उपादेयता स्थापित नगरी तथा आवश्यकता,औचित्यता मितव्ययीताको ख्याल नगरी बजेट उपयोग गर्ने उद्देश्य राखि कानुन विपरीत गरीएको उक्त खर्च अनियमित देखिएकोमा उक्त व्यहोरालाइ गाउँसभाले नियमित गरी प्रतिक्रियासाथ प्रमाण पेश गरेको छ। यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गर्नु पर्दछ।	

गो भौ नं/मिति	शिक्षक/शिक्षिकाको नाम	विद्यालयको नाम	१३ महिनाको तलब भत्ता रकम
२२।०७६।११।१६	समित धिताल	जिवन ज्योति मा वि अजिरकोट	१८६०००
२२।०७६।११।१६	पुजा गुरुङ्ग	जिवन ज्योति मा वि अजिरकोट	१८००००
जम्मा			३६६०००

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
३४	**परामर्श खेवा खरिद कार्यः**पालिकाको कार्यालयले यस आ व मा तपसिलका डि.पि. आर कार्यको लागि विभिन्न परार्शदाता सँग रु ९०८८२९५। को सम्झौता गरी रु ९०८८२९५।खर्च लेखेको छ।	

डि.पि.आर को विवरण	सेवाको लागत	परामर्शदाता	सम्झौता रकम	गो भौ नं/मिति	भुक्तनी रकम
हनी हन्टीङ्ग श्रव्य दृष्य पाशर्व चित्र निर्माण कार्य		साइन मिडिया प्रा.लि	४९७२००	१४१।०७७।३।२९	४९७२००
गा.पा भवनको डि.पि.आर तयारि कार्य	१९९९८७३	इन्जिनियरको घर प्रा लि	१९९३२५७	१४७।०७७।३।२९	१९९३२५७
गोरखकाली अजिरकोट मन्दिरको डि.पि.आर तयारी कार्य	१४९९६३९	मुनाल कन्सट्रक्सन	१४९४४२५	१५०।०७७।३।२९	१४९४४२५
झ्याल्ला भुमे मन्दिर पुन निर्माण सम्बन्धी डि.पि.आर तयारी कार्य	९९९५८४	वान डिग्रि कन्सट्रक्सन	९९२१४०	१५१।०७७।३।२९	९९२१४०
विभिन्न सडकको डि.पि.आर तयारी कार्य	५४५६०।९२ (प्रति कि.मी)	मेघासिभिल इन्जीनियरिङ्ग सलुशन एण्ड कन्सल्लटेन्सी	१३७९४३१	१७१।०७६।३।३१	१३७९४३१
अजिरकोट आवास गृहको डि.पि.आर तयारी कार्य	१४९९४४६	इन्जिनियर घरको प्रा.ली	१४९२१६५	१७३।०७७।३।३१	१४९२१६५
पप मार्ग को डि.पि.आर पर्यटन गुरुयोजना तथा डकुमेनट्री	-	माउण्टेन हेरिटेज प्रा.ली	१२३९६७७	१८२।०७७।३।३१	१२३९६७७
जम्मा			९०८८२९५		९०८८२९५

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
	यस सम्बन्धमा देखिएको व्यहोरा यस प्रकार छनः	
३४.१	**परामर्श सेवाको लागत अनुमानः** सार्वजनिक खरिद नियावली,२०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयकले तयार पारेको नर्म्स, गत बर्षको नर्म्स, सोही प्रकृतिको कार्य गर्न अन्य निकायले तयार पारेको नर्म्स आदि कुरालाई आधार मानी लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ। पालिकाले माथि उल्लेखित आधार बेगर परामर्शदाताले पेश गरेको डि.पि.आर कार्यको आर्थिक प्रस्ताव लाई मात्र आधार लिई लागत अनुमान तयार गरेको कारण लागत अनुमान यथार्थ परक भएको छैन।	
३४.२	**सोझै खरिद कार्यः**सार्वजनिक निकायले वीस लाख रुपैयां भन्दा कम रकमको परामर्श सेवा मौजुदा सुचीमा रहेको परामर्श दाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने र वीस लाख रुपैयां भन्दा बढी दश करोड रुपैयां सम्म लागत अनुमान भएका परामर्श सेवा खरिद गर्नु परेमा राष्ट्रिय स्तरको आसय पत्रदाता वीच मात्र प्रतिस्पर्धा गराई आसयपत्र माग गर्ने पर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली,०६४ को नियम ७० र ७२ मा उल्लेख छ। पालिकाको कार्यालयले पालिका भित्रको उपरोक्त योजनाको डि.पि.आर कार्यको लागि २० लाख भित्रको लागत अनुमान तयार गरी परामर्शदाता बाट लिखित रुपमा आर्थिक र प्राविधिक प्रस्ताव माग गरी परामर्श दातासँग पटक पटक गरी रु ९०८८२९५। को खरिद कार्य गरेको छ। पालिका भित्रका योजनाको समानस्तरको डि.पि.आर कार्यको लागि एउटै प्याकेज बनाई राष्ट्रिय स्तरको आसय पत्रदाता वीच प्रतिस्पर्धा गराउन सक्ने अवस्था रहेता पनि पटक पटक सोझै खरिद कार्य गरेको र यथार्थ लागत अनुमान तयार नगरी परामर्श दाताको आर्थिक प्रस्ताव लाई नै आधारमानी खरिद कार्य गर्दा प्रतिस्पर्धा कम हुन गई पालिकालाई परामर्श कार्यमा व्ययभार पर्न गएको देखिएकोले सोझै खरिद कार्यमा नियन्त्रण गर्नुपर्दछ।	
३४.३	सार्वजनिक खरिद ऐन,२०६३ को दफा ३८ बमाजिम सम्झौता गर्न परामर्श दाताले सम्झौता गरेको तीस दिन भित्र सम्झौता को कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निसर्त भुक्तानी हुने पेशागत दायित्व विमा (प्रोफेशनल ल्याविलिटी इन्सोरेन्स) पेश गर्नु पर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८०(७) मा उल्लेख छ। यस कार्यालयले उपरोक्ता लागत अनुमान भएका ७ वटा परामर्श सेवा सम्बन्धी कार्यको लागि रु ९०८८२९५। भुक्तानी गरेकोमा उपरोक्त कार्यको सार्वजनिक खरिद नियमावली को नियम ८०(७) बमोजिम पेशागत दायित्व विमा गाएको छैन । खरिद कानुनको पालना गर्नु पर्दछ।	
३४.४	पालिकाको कार्यालयमा प्राविधिक कार्यमा संलग्न जनशक्ति मौजुदा रहेकोमा सो जनशक्तिको उपयोग नगरी बाह्य परामर्शदाता सँग खरिद सम्झौता गरी खर्च गरेको कारण परामर्श सेवा खरिद कार्यमा पालिकालाई कार्यमा बाह्य जनशक्ति प्रयोग गरिनु हुदैन।	
३४.५	पालिकाको कार्यलयले यस बर्ष योजनागत खर्च शिर्षकमा परामर्श सेवा सम्बन्धी कार्यक्रम समावेश नगरी उपरोक्त कार्यको डि.पि.आर मा खर्च गरेको छ। परामर्श सेवाको लागि योजनागत रुपमानै बजेट पारित नगरी एकमुष्ट परामर्श सेवामा खर्च गर्ने कार्यमा नियन्त्रण गरिनु पर्दछ। साथै पुर्व तयारी र पर्याप्त बजेटको सुनिश्चीतता वेगर नै बजेट खर्च गर्ने उद्देश्य मात्र राखी परामर्श कार्यमा खर्च गरिनु औचित्यपुर्ण देखिदैन।	

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
३५	**स्यानीटरी प्याड खरिदः** ७८।०७७।३।२९ मा पालिकाले यस बर्ष शनिदेव सप्लायर्स बाट १५५७४ थान स्यानिटरी प्याड खरिद गरि रु ८४४९५१। खर्च लेखेको छ। यस सम्बन्धमा देखिएको व्यहोरा यस प्रकार छनः	
३५.१	**लागत अनुमानः** सार्वजनिक निकायले माल सामानको लागत अनुमान तयार गर्दा चालु आ.वा, अघिल्लो बर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दर, अन्य बजारको प्रचलित दरभाउ, मालसामानको आपुर्ति गर्ने स्थान सम्म लाग्ने अनुमानीत ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेट जस्ता पक्षलाई आधार लिई लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली ०६४ को नियमा ११ मा उल्लेख छ। कार्यालयको यस बर्ष १५५७४ थान स्यानीटरी प्याड खरिद कायको लागि उपरोक्त व्यवस्था बमोजिक लागत अनुमान तयार नगरी ४ वटा विक्रेता फर्मको दर को तुलना गरी खरिद कार्य गरेको छ। लागत अनुमान वेगर बिक्रेता फर्मको दर लाई मात्र आधार लिई खरिद कार्य गरेको कारण कार्यालयको खरिद कार्य प्रतिस्पर्धात्मक मितव्ययी भयो भन्न सक्ने अवस्था देखिएन। खरिद कानुनमा भएको व्यवस्था अनुसार लागत अनुमान बनाई प्रतिस्पर्धा लाई सुनिश्चीत गरी खरिद कार्य गरिनु पर्दछ।	
३५.२	शिनिदेव सप्लायर्स बाट खरिद गरिएका रु ८४४९५१। मुल्यका १५५७४ थान स्यानीटरी प्याड कार्यालयले आ.व ०७६।७७ मा विद्यालयलाई वितरण नगरी २०७७।११।११ सम्म मौज्दात राखेको छ। आ.व ०७६।७७ को बार्षिक कार्यक्रम को खरिद कार्य सोही आ.व मा वितरण नगर्दा बजेट खर्च गर्ने उद्देश्य मात्र राखि खरिद खर्च गरेको देखिन्छ । हाल अधिकांश प्याड वितरण गरेको भपाई पेश भएतापनि सबै वितरण भएको छैन। यस बर्ष समेत सोही प्रकृतिको कार्यक्रम हुने हुँदा यस बर्षको कार्यक्रमबाट बजेट खर्च गर्दा गतबर्षको यस बर्ष वितरण भएकोलाई समेत अध्यान गरी किफायती खरिद गर्नुपर्ने देखिन्छ।	
३६	**रकम ढिला दाखिला गर्नेः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९(६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गनुपर्ने र दैनिक रुपमा बैक दाखिला गर्ने नसकिने भएकमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ। यस स्थानीय तह अन्तर्गतका वडाहरुले कतिपय ३,४ महिना पछि र कतिपय वडाहरुले कहिले दाखिला गरेको र कति आम्दानि भएको हो भन्ने केहि प्रमाण नभेटिएको र आर्थिक बर्षको अन्तिममा संघिय संचित कोषमा एकमुष्ट आम्दानी बाधेको देखियो। यसरी वडागत रुपमा प्राप्त हुने वास्तविक आम्दानी एकिन हुन नसकिएकोले सममै दाखिला गरि आर्थिक पारदर्शिता कायम गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ।	
	सामाजिक सुरक्षार्फः	
३७	**बढी निकासाः** सामाजिक सुरक्षा कार्यक्रम कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लतग कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नु पर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, एम आइ एस प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ।तर यस नगरपालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो निकासा गएको देखिएको छ। तसर्थ पालिकाले लाभग्राहीको लगत अद्यावधिक गरी निम्नानुसार बढी खर्च लेखेको असुल हुनु पर्ने रु	३८४००

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम

नाम	जन्म मिति	वडा नं	प्रथम चौमासिक	दोस्रो चौमासिमक	तेस्रो चौमासिक	भत्ताको प्रकार	बढी निकासा
मन माया सुनार	२०१३।६।१५	२	१२०००	०	०	जेष्ठ नागरिक दलित	८०००
सुनार गुरुङ	१९८५।०४।०१	२	१२०००	०	०	जेष्ठ नागरिक दलित	१२०००
रेश्मा रोका		२	१६००	०	०	बालबालिका	१६००
मेघनाथ अधिकारी	१९८७।०१।२९	५	१२०००	०	०	जेष्ठ नागरिका अन्य	१२०००
युनिशा परियार	२०७४।१०।०९	३	०	१६००	१६००	बालबालिका	३२००
शासान नेपाली	२०७४।०१।११	३	०	१६००	०	बालबालिका	१६००
जम्मा							३८४००

३८ **बैक मार्फत भत्ता वितरणः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ७ मा बैक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दा भत्ता प्राप्त गर्ने लाभग्राहीको अनिवार्य रुपमा बैक खाता खोल्ने व्यवस्था मिलाई सो वापतको रकम बैक खातामा जम्मा गरि भुक्तानी दिन नर्दिष्ट गरिएकोमा यस कार्यलयबाट वडा सचिवको नाममा पेश्की भुक्तानी गरि नगद वितरण गर्ने गरेको ले उक्त कार्यविधिको पुर्ण पालना गर्नु पर्ने देखिन्छ।

३९ **भत्ता वितरणको भरपाई सच्याई वितरण गरेकोः**कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण गरेको कतिपय भरपाइमा जन्म मिति नागरिकता नं लगायत व्यक्तिगत विवरण नखुलाएको रु ८०००। पाउने भनि भरपाई प्रिन्ट गरेपछि हातले सच्चाई रु १२०००।उपचार खर्च समेत भुक्तानी भनी हिसाव पेश भएको । हातले नाम जन्ममिति नाम र भरपाई सच्चाई तथा केही अघिल्लो चौमासिकमा भुक्तानी भएको भनी हातले नाम जन्ममिति थप गरि भुक्तानी भएको पाइयो। यसरी सामाजिक सुरक्षा पाउने व्यक्तिको पहिचान र भत्ता पाउने रकम एकिन गर्ने नसकिएकोले हाल उपलब्ध सुचना प्रविधि एम आइ एस को पुर्णउपयोग गरी लगत अद्यावधिक गरेर उक्त विवरणको आधारमा आएको भरपाईबाट मात्र भुक्तानी दिनु पर्ने देखिन्छ।

४० **पुर्वधार विकास साझेदारीः** मुल्य अभिवृद्दि कर ऐन, २०५२ मा कर विजक शिलशिलेवार नं सहितको हुनुपर्ने र तोकिएको ढाँचामा हुनुपर्ने उल्लेख छ। कार्यालयले गो भौ नं ५।०७७।३।२८ वाट मन्त्र कन्सट्रकसनले (पान नं ६०१२२५६४८) विजक नं १ राखि प्रिन्ट गरेको विल पेश गरेको आधारमा रु ९७८४१।भुक्तानी दिएको देखियो । उक्त फर्मको मुल्य अभिवृद्दि कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु ११२५६

४१ **कोराना तर्फः** कोभिड १९ तर्फः आ व २०६७।७७ को अषाढ मसान्त सम्मको आम्दानी तथा खर्चको विवरण निम्न अनुसार छन।

आम्दानीको स्रोत	२०७७ असार मसान्त सम्म प्राप्त रकम	खर्च शिर्षक	२०७७ असार मसान्त सम्मको खर्च
संघिय सञ्चित कोषबाट	०	राहात वितरण	११७६०१४
प्रदेश सञ्चित कोषबाट	५०००००	क्यारेन्टिन होल्डिङ्ग सेन्टर	४६८७३७
स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको	४३४००००	आईशोलेसन केन्द्र निर्माण व्यावस्थापन	५०००००
संघिय कोभिड कोषबाट	०	औषधि एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरिद	१३५०१९२।८

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम

प्रदेश कोभिड कोषबाट	०	अन्य शिर्षकमा भएको खर्च (काठमाडौं लगायत अन्य ठाउँबाट यात्रुहरु स्थानीय तहमा ल्याएको)	६२१७००।
अन्य स्रोतबाट प्राप्त	२०५४९५		
		बाँकी	९२८८५१।२
जम्मा	५०४४४९५।		५०४४४९५।

माथि उल्लेखित खर्चको विवरण अनुसार देखिएका व्यहोरा देहायअनुसार छन्ः

- कार्यालयले ४८९ लाभग्राही परिवारलाइ राहत वितरणमा रु ११ लाख ७६ हजार खर्च गरेको छ । खर्च गर्दा सोझौ खरिद गरेको देखिन्छ।
- यस गाउँपालिकाले तयार तथा सञ्चालन गरेको ८ वटा क्वारेन्टिन तथा होल्डिङ सेन्टरमा जम्मा १४९ जना बसेको कार्यलयबाट प्राप्त विवरण बाट देखिन्छ। साथै क्यारेन्टिन निर्माण तथा सञ्चालन व्यवस्थापन खर्च रु ४ लाख ६८ हजार खर्च गरेको देखिन्छ।

औषधी स्वास्थ्य सामाग्री एवं उपकरण खरिद गर्दा पटक पटक रुपमा सोझौ खरिद भएको देखिन्छ।

४२ **कोष वाहिरवाट खर्चः** कोरोना भाइरस (COVID-19) सम्वन्धी क्वारेण्टाइन सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड २०७६ को दफा ११ (१) मा आर्थिक व्यवस्थापन अन्तर्गत क्वारेण्टाइनको संचालन तथा व्यवस्थापनका निमित्त आवश्यक पर्ने रकम कोरोना भाइरस संक्रमण रोकथाम तथा उपचार कोषबाट व्यहोरिने उल्लेख छ । यस पालिकाले कोष सञ्चालनमा ल्याएतापनि गाउँपालिकाको चालु शिर्षकवाट समेत खर्च गरेको छ । मापदण्डको पालना गरी खर्च प्रकृयालाइ विश्वसनिय र व्यवस्थित वनाउनुपर्दछ । कोष वाहेक अन्यवाट गरेको खर्चको केही उदाहरण देहायअनुसार छन्ः

भौ नं	विक्रेताको नाम वा भुक्तानीको विवरण	खर्च विवरण	रकम
२५०	स्वास्थ्यकर्मीलाइ कुल १११ दिनको लागि खाजावापत भत्ता दिएको	निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभारवाट भुक्तानी भएको	११५१३२५

४३ **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र प्रयोजन नखुलाइ रु २२ लाख ४५ हजार खर्च गरेको छ।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

४४ **प्रधानमन्त्री रोजगार कार्यक्रमः** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा नगर सरसफाई,नाली खन्ने, पहिरो सफा गर्ने, ग्याविन जाली भर्ने तथा बाटो निर्माण काम लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ४० जनालाई रोजगारी उपलव्ध गराई रु .१७ लाख ८० हजार खर्च गरेको छ । लक्षित वर्गलाई १० दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

शिक्षा तर्फः

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
४५	**विद्यालय सुधार योजना तथा लेखापरीक्षण अनुदानः** स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरु मध्ये आधारभुत तह सञ्चालित विद्यालयका लागि प्रति विद्यालय रु १५ हजार तथा माध्यामिक तह संचालित विद्यालयका लागि प्रति विद्यालय रु २० हजारको दरले विद्यालय सुधार योजना वापत एकमुष्ट अनुदान निकासा दिने र यस प्रकारको अनुदान रकम विद्यालय सुधार योजना निर्माण सहयोगि पुस्तिका,२०७४ बमोजिम विद्यालय सुधार योजना(SIP) निर्माण तथा अद्यावधिक गरेको विद्यालयहरुलाई मात्र उपलब्ध गराउने साथै स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमध्ये आधारभुत तह (कक्षा १ देखि ५,कक्षा १ देखि ८) सञ्चालित विद्यालयहरुका लागि प्रति विद्यालय रु १० हजार र माध्यमिक तह (कक्षा १ देखि १०, कक्षा १ देखि १२) सम्म सञ्चालित प्रति विद्यालय रु १५ हजारको दरले सामाजिक तथा आर्थिक लेखापरीक्षण लगायतका क्रियाकलाप सञ्चालन गर्नका लागि एकमुष्ट अनुदान निकासा दिने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन निर्देशिकामा उल्लेख छ । पालिकाले यस आ.व.मा २८ विद्यालयका नाममा विद्यालय सुधार योजना र सा.ले.प.वापत रु ७८००००। निकासा खर्च लेखेको छ ।विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन निर्देशिका २०७६।७७ मा यस्तो रकम निकासा गर्दा प्रत्येक विद्यालयले विद्यालय सुधार योजना पुस्तीका तयार गरी स्थानीय निकायमा पेश गरे पश्चातमात्र माथि उल्लेखीत दरमा उपरोक्त बमोजिमको रकम अनुदान निकासा दिनुपर्ने उल्लेख भएतापनि सो सुधार योजना र लेखापरीक्षण प्रतिवेदन संलग्न नगरी उक्त रकम अनुदान निकासा दिनु कानुन सम्म्त देखिदैन। अनुदान निकासा दिएका २८ विद्यालयबाट विद्यलाय सुधार योजना पुस्तीका र लेखापरीक्षण गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा अनुदान लिने विद्यालयबाट उक्त रकम असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु	७८००००
४६	**पाठ्यपुस्तक अनुदानः-** स्थानीय तहले सार्वजनिक विद्यालयमा कक्षा १ देखि १० सम्म अध्ययनरत विद्यार्थिको IEMIS मा प्रविष्टी तथ्याङ्कलाई प्रमाणित गरी यकिन संख्याका आधारमा दोस्रो चौमासिक भित्र विद्यालयलाई अनुदान निकासा दिने।यसरी अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिई २०७७ वैशाखवाट सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण,पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यस्था शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयवाट स्वीकृत भएको कार्यक्रम कार्यान्वयन पुस्तीका २०७६।७७ मा उल्लेख छ। पालिकाले यस कार्यक्रम कार्यान्वयन पुस्तीकामा भएको व्यवस्था प्रतिकुल हुने गरी गो.भौ.न. ७९।०७७।३।२९ मा २८ विद्यालयलाई शैक्षिक सत्र २०७७ को पाठ्यपुस्तकको बाँकी २५ प्रतिशत रकम निकासा गरेको मा १७ विद्यालयलाई पाठ्यपुस्तक खरिद र वतरण गरेको विवरण एकिन नगरि निकासा दिएकोले देहायका विद्यालयले पाठ्यपुस्तक खरिद तथा वितरणको प्रमाण पेश गरी नपुग रकम एकिन गरि बढी रकम असुल गर्नु पर्ने	६३१६२४

सि नं	विद्यालयको नाम	पहिले निकासा भएको(७५%)	थप निकासा रकम (२५%)	विल पेश हुनुपर्ने रकम जम्मा
१	स्यार्तान नि.मा.वि	४६३८६	१५४६२	६१८४८
२	वलाङ प्रा वि	१५८६१	५२८७	२११४८
३	प्रभा मा वि	६३३२१	२११०७	८४४२८
४	बौद्धहिमाली प्रा वि	६४२०	२१४०	८५६०
५	भानुज्योति प्रा वि	५९०१	१९६७	७८६८
६	सितलडाँडा प्रा वि	१०४८८	३४९६	१३९८४

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम

७	धनशिरा मा वि	९४८१८	३१६०६	१२६४२४
८	महादेवस्थान न मा वि	२८७६४	९५८८	३८३५२
९	मिलिम प्रा वि	१३२७२	४४२४	१७६९६
१०	देवलस्वाँरा प्रा वि	९३७५	३१२५	१२५००
११	शिवलय प्रा वि	२१४१४	७१३८	२८५५२
१२	कालिका प्रा वि	१६०११	५३३७	२१३४८
१३	उमामहेश्वर प्रा वि	५९६१	१९८७	७९४८
१४	ज्ञानज्योती प्रावि	७४०७	२४६९	९८७६
१५	भालेढुङगा लक्ष्मी प्रा वि	७२३९	२४१३	९६५२
१६	तारा चन्द्र मा वि	३६७३५	१२२४५	४८९८०
१७	चतुर्माला मा वि	८४३४५	२८११५	११२४६०
जम्मा		४७३७१८	१५७९०६	६३१६२४

४७ **बढी निकासाः** आर्थिक कार्यविधि नियमावली,२०६४ मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ। यस गाउँपालिकाले पाठ्यपुस्तक अनुदान तर्फ थप नपुग रकम मात्र अनुदन निकासा गरेको मा पाठ्यपुस्तक खरिद भन्दा गरेको विलभरपाई भन्दा बढी निकासा गएको रकम असुल गर्नु पर्ने रु ४५३९३

सि नां	विद्यालयको नाम	थप निकासा रकम	निकासा हुनुपर्ने रकम	बढी निकासा
१	भच्चेक प्रा वि हंसपुर	३२४१९	२६७९२	५६२७
२	हमालय मा वि	४७१८९	७४२३	३९७६६
जम्मा				४५३९३

४८ **विद्यालय शिक्षक दरवन्दी तथा विद्यार्थी संख्याः** विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या अनुसार विद्यालय शिक्षक र शिक्षिकाको व्यवस्था गरिनुपर्दछ। विद्यार्थी संख्याको घटी वढी भएमा कार्यरत शिक्षक शिक्षिकाको समेत समायोजन र विद्यालय समेत मर्ज गर्नुपर्ने व्यवस्था रहेता पनि पालिकाले पेश गरेको विवरण अनुसार तपसिलका विद्यालयमा विद्यार्थी कम रहेको अवस्थामा समेत कार्यरत शिक्षक शिक्षिका तथा सहयोगि कर्मचारि लाई तलव भत्ता खर्च लेखेको पाईयो। अत विद्यार्थी शुन्य रहेका संस्थामा समेत तलव भत्ता खर्च लेखेको देखिएको हुँदा न्युन विद्यार्थी संख्या भएका र विद्यार्थी संख्या नभएका विद्यालयवालविकास केन्द्रलाई नजिकको शिक्षण \ संस्थामा गाभी दरवन्दी मिलान गर्न जिल्ला शिक्षा समन्वय इकाइ र पालिकाले ध्यान दिनुपर्ने देखियो।

सि.न	विद्यालयको नाम	संचालित कक्षा	विद्यार्थी संख्या	कार्यरत शिक्षक,शिक्षिका
१	पार्वति प्रा वि	१-५ सम्म	१६	३
२	भुमि ज्योति प्रा वि	बाल विकास सिकाई केन्द्र	०	१
३	देविस्थान प्रा वि	बाल विकास सिकाई केन्द्र	_	१
४	मंगलादेवी प्रा वि	बाल विकास सिकाई केन्द्र	_	१

४९ **आन्तरिक लेखापरीक्षणः** स्थानीय सरकार संचालन ऐन २०७४,को दफा ७७(२) मा स्थानीय तहले कानुन वमोजिम आफ्नो आय र व्ययको लेखापरीक्षण गर्नुपर्ने उल्लेख छ। यस स्थानीय तहको अन्तरसरकारी अख्तियारीको लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयवाट भएको छ भने वाँकीको हकमा आन्तरीक

कार्यालयको नामः अजिरकोट गाउँपालिकाको कार्यालय, गोरखा । आ.व. २०७६।७७

दफा	भौचर नं., मिति र व्यहोरा	बेरुजू रकम
	लेखापरीक्षण शाखावाट भएको देखिन्छ। आन्तरिक लेखापरीक्षणवाट देखिएका व्यहोराहरु देहाय वमोजिम छनः	८४३३४९

भौ नं	व्यहोरा	रकम
	पालिका पूँजीगत तर्फः	
२९	कुसुन्डे खानेपानी सालवोट ट्रयाक निर्माण गर्दा वहाल कर नकाटेको	४२८००
४८	राम्चेटोल नयाँ ट्रयाक निर्माण गर्दा वहाल कर नकाटिएको	९२०४
५२	भडवारे गैरीगाउँ सडक निर्माणको लागि मेरीगोल्ड कन्स्ट्रक्सन सँग संझौता भएको तर विलहरु दरवार कन्स्ट्रक्सन प्रालिको रहेको	
६०	पोखरीडाँडा पैरे चिनिस्वारा सडक निर्माणको लागि वहालकर रु १०७००। हुनुपर्नेमा १२०९१। मात्र कट्टा गरेकोले वाकी कट्टा गर्नुपर्ने	१३९१
६७	कल्दुस्वारा गैरीगाउँ गाउँघर क्लिनिक घर वनाउदा वहालकर नकाटेको	३५००
	केही मन्दिर तथा भवनहरु वनाउदा लागत अनुमान र कार्यसम्पन्न रकम वरावर भएकोले नापी तयार गर्दा विशेष ध्यान दिनुपर्ने देखिएको	
	पालिका चालु तर्फः	
७९	भ्रमण खर्च नियमावली, २०६४ मा १५ किमि भित्र भ्रमण गरेमा भ्रमण भत्ता नपाउनेमा चन्द्रमाया गुरुङले वडा नं २, ४ र ५ मा भ्रमण गरेकोमा भत्ता वुझेकोले उक्त रकम असुल गर्नुपर्ने रु	९३७५
	विभिन्न इन्धन प्रयोग गरी खर्च लेखेकोमा लगवुक संलग्न नरहेको	
१२५	माइतिको पोषिलो कोशेली अन्तर्गत रु ९४०००। को खादा खरिद गरेकोमा प्रति खाता १२२५।को दरले भुक्तानी भएको तर अन्यवाट रु १०००। मा मात्र खरिद गरेकोले मितव्ययीता नदेखिएको	
१७६	भ्रमण खर्च नियमावली, २०६४ मा १५ किमि भित्र भ्रमण गरेमा भ्रमण भत्ता नपाउनेमा चन्द्रमाया गुरुङले कमको दुरीमा समेत भत्ता वुझेकोले उक्त रकम असुल गर्नुपर्ने रु	९३७५
१७९	भ्रमण खर्च नियमावली, २०६४ मा १५ किमि भित्र भ्रमण गरेमा भ्रमण भत्ता नपाउनेमा सरस्वती ढकाल र लक्ष्मी विकले उक्त दुरी भित्र रु ७५००। को दरले भत्ता लिएकोले उक्त रकम असुल गर्नुपर्ने रु	१५०००
२५१	क्यालेन्डर छपाइको लागि सुरेश दवाडीलाइ रु २९१४२७। तथा सहदेव आर्टसलाइ रु ९९२२७। भुक्तानी भएकोमा सक्कल विल पेश नभएको रु	३९०६५४
	शशर्त चालु	
७७	आर्थिक कार्यविधि निमयावली, २०६४ को नियम ३६ मा खर्चका प्रमाण सहितको लेखा राख्नुपर्नेमा विभिन्न कार्यक्रम सन्चालन गरेकोमा कागजात संलग्न नरहेको	३५८६५०
९३	प्रकोप महामारी वापत रु ३००००। भुक्तानी भएकोमा उक्त रकम मध्ये दैनिक भ्रमण भत्ता समावेश गर्न नपाइने रकम समेत सुरेश दवाडीलाइ भुक्तानी भएको	३४००
	अन्तर सरकारी अख्तियारी (कोष तथा लेखा नियन्त्रकको कार्यालयले गरेको आन्तरीक लेखापरीश्रण) तर्फः	
	आर्थिक वर्ष २०७६।७७ को वजेट वक्तव्यको वुदा नं २३८ मा सरकारी निकायवाट नागरीकलाइ प्रदान गरिने आर्थिक सुविधा लगायत सवै प्रकारको भुक्तानी वैंक खाता मार्फत हुने व्यवस्था गरिएकोमा कार्यालयले सामाजिक सुरक्षा भत्ता वैंक वाट भुक्तानी नगरेको तथा अन्य भुक्तानी पनि पेश्की दिइ कर्मचारी मार्फत गरेको छ। यसमा सुधार गर्नुपर्दछ।	
	जम्माः	८४३३४९

अनुसु च १

पा लकाको सं चतकोषको ववरण

२०७६।०७७

प्रदेशः गण्डकी

(रु हजारमा)

क्र. सं.	स्थानिय तह	जिल्ला		आय				जम्मा आय					मौज्दात
			गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व वाडफाड	आन्तरीक आय	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५	६ (२+३+४+५)	७	८	९	१० (७+८+९)	११ (१+६-१०)
१	अजिरकोट गाउँपालिका	गोरखा	९९७४३	२५९४६०	४२३११	३२१६	९११६७	३९६१५४	१६८२४५	१०५१३९	८३८३३	३५७२१७	१३८६८०

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

अनुसु च २

२०७६।७७

(रु हजारमा)

सि नं	स्थानिय तह	जिल्ला	प्रारम्भिक वेरुजु			प्रतिक्रियावाट फछ्यौट			वाँकी वेरुजु			वाँकी वेरुजु								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगति		सैदान्तिक	लगति		सैद्धान्तिक	लगती			अनिय मत भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभनां न लएको	जम्मा	कमंचारी	अन्य	जम्मा
१	अजिरकोट गाउँपालिका	गोरखा	३२	३३	१६८८१	०	५	१११८८	३२	२८	५६९३	२७७८	०	२९१५			२९१५	०	०	०

अनुसुची ३

अद्यावधिक वेरुजु स्थीती

(रु हजारमा)

क्र स	स्थानिय तह	जिल्ला	गत बर्ष सम्मको बाँकी	यो बर्षको फछ्यौट	बाकी	यो बर्ष सम्पबाट कायम बेरुजु	यो बर्षको बेरुजु	कुल बाकी बेरुजु
१	अजिरकोट गाउँपालिका	गोरखा	६२११७	१५४	६१९६३	०	५६९३	६७६५६